का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० साउन २०८०,
मंगलबार
15 August 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २०१ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



संसद अवरोध

# एमालेको तेस्रो रेकर्ड

२०५७ माघ २६ गतेदेखि ५७ दिन संसद अवरोध गरेको एमालेले २३ भदौ २०७८ देखि ९ महिनासम्म संसद चल्न दिएको थिएन। यसपटक गत साउन १० गतेयता संघीय संसद बैठक अवरुद्ध छ। अर्को बैठक आगामी भदौ ३ गतेका लागि बोलाइएको छ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ साउन ।

एक महिनादेखि संघीय संसदको बैठक कार्यसूचीमा प्रवेश गर्न पाएको छैन । ३१ असारमा बसेको प्रतिनिधि सभाको बैठक नियमित रुपमा सम्पन्न भएको थियो। त्यसयता बसेका प्रतिनिधि सभाको बैठक बैठकमा अवरोध भएर कार्यसूची रोकिएका छन् । ४ साउनमा बसेको राष्ट्रिय सभाको बैठक नियमित रुपमा सम्पन्न भएको थियो। त्यसयता बसेको राष्ट्रिय सभाको कुनै पनि बैठक कार्यसूचीमा प्रवेश गर्न पाएको छैन ।

सोमबार बसेको प्रतिनिधि सभाको बैठकमा पनि प्रमुख विपक्षी नेकपा एमालेका सांसदहरूले अवरोध गरे । एमालेको अवरोधसँगै सभामुख देवराज घिमिरेले एक साता पछि बस्ने गरी बैठक स्थगित भएको घोषणा गरे ।

प्रतिपक्षी दल एमालेले सुन प्रकरणमा उच्चस्तरीय छानबिन समिति पृष्ठ २ मा


## संसद खोल्न कांग्रेसको अपिल

प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसले संघीय संसदमा जारी अवरोध समाप्त गरी सबै विषयमा सदनमा नै छलफल गर्ने वातावरण सुनिश्चित गर्न अपिल गरेको छ ।

संघीय संसद भवन बानेश्वरमा तीन दिन बसेको संसदीय दलको बैठकले लामो समयसम्म सदनमा छलफल हुन नसक्ने गरी संसद् अवरुद्ध गर्ने कार्य गैरजिम्मेवारी भएको ठहर गरेको छ । सरकारलाई सदनका प्रति जवाफदेही बनाउनुपर्छ भन्ने संसद् आफैं जनताप्रति उत्तरदायी हुनुपर्ने कांग्रेसको भनाई छ।

सदन अवरुद्ध भएका कारण जनताका पृष्ठ २ मा





## एमाले र कांग्रेसले संसद कब्जा गरे : रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नेकपा एमाले र नेपाली कांग्रेसले सदन कब्जा गरेको आरोप लगाएको छ । एमालेको अवरोधका कारण प्रतिनिधिसभा बैठक स्थगित भएपछि संसद भवन नयाँबानेश्वरमा पत्रकारसित कुरा गर्दै रास्वपाका सभापति रवि लामिछानेले सदन हाइज्याक भएको आरोप लगाए । साथसाथै सभापति लामिछानेले सभामुख देवराज घिमिरेको कार्यशैलीप्रति समेत प्रश्न उठाए । पृष्ठ २ मा



## उच्चस्तरीय छानबिन समिति नबनाउन सत्तारुढ एकमत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ साउन ।

सुन तस्करी प्रकरणको छानबिनका लागि उच्चस्तरीय समिति नबनाउन सत्तारुढ दलहरु एकमत भएका छन्। सोमबार प्रधानमन्त्री निवास वालुवाटारमा बसेको बैठकले सुन तस्करी प्रकरण छानबिनका लागि उच्चस्तरीय समिति गठन नगर्ने निर्णय गरेको छ। प्रमुख प्रतिपक्षी नेकपा एमालेले सुन तस्करी प्रकरणको छानबिनका उच्चस्तरीय समिति गठन गर्नुपर्ने माग गर्दै साउन १० गतेदेखि संसद् अवरुद्ध गर्दै आएको छ। तर सत्ता गठबन्धनको बैठकले एमालेको माग सम्बोधन गर्न उच्चस्तरीय छानबिन समिति गठन नगर्ने निर्णय गरेको हो।

सुन तस्करी

## ललिता निवास जग्गा प्रकरण

# सीआईबीले लियो पूर्वमुख्यसचिव पौड्यालको बयान

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ साउन ।



ललिता निवास जग्गा अनियमितता प्रकरणमा पूर्व मुख्यसचिव लीलामणि पौड्यालसँग बयान लिइएको छ । नेपाल प्रहरीको केन्द्र अनुसन्धान ब्यूरो सीआईबीले पौड्यालको बयान लिएको हो । बयानका क्रममा २०६९ सालको मन्त्रिपरिषदको निर्णय र त्यसलाई प्रमाणीकरण गरेर पठाइएको पत्रबारे जानकारी माग गरिएको छ ।


सीआईबीका अनुसार आइतार दिउँसोदेखि सुरु भएको बयान राति अबेरसम्म चलेको थियो ।

२०६९ सालमा गृह मन्त्रालय अन्तर्गतको समरगंग कम्पनीको नाममा रहेको ललिता निवासको जग्गा पशुपति टिकिन्छा गुठीको नाममा सार्न मन्त्रिपरिषदले सैद्धान्तिक स्वीकृति दिएको थियो । त्यो स्वीकृतीपछि मन्त्रिपरिषदको बैठकको निर्णय मुख्यसचिव पौड्यालले प्रमाणीकरण गरेका थिए। त्यही विषयमा सीआईबीले पौड्यालसँग बयान लिएको हो।

# अनुसन्धानलाई सघाउने पूर्वप्रमको बचन

ललिता निवास जग्गा अनियमितता प्रकरणका सम्बन्धमा जोडिएको भनेर चर्चा भएका नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधव कुमार नेपालले अनुसन्धाननमा सघाउने प्रतिवद्धता व्यक्त गरेका छन् ।

ललिता निवासको सरकारी जग्गा व्यक्तिका नाममा सारेर सट्टाभर्ना गर्ने निर्णय तत्कालीन प्रधानमन्त्री नेपालको पालामा भएको थियो। उक्त प्रकरणमा सयौं रोपनि जग्गा हिनामिना भएको अख्तियारको ठहर छ । पूर्व प्रधानमन्त्रीद्धय बाबुराम भट्टराई र माधवकुमार नेपाललाई पनि बउान लिन सिआइबीलाई सर्वोच्चले पृष्ठ २ मा



वैदेशिक रोजगार विशेष

## संघ प्रतिनिधिमण्डल मलेसियामा रोजगारदाताहरुसँग अन्तरक्रियामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ साउन

मलेसिया भ्रमणामा रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधिमण्डलले उक्त मुलुकमा रहेका रोजगारदाताका विभिन्न क्षेत्रसँग अन्तरक्रिया गरिहेको छ । सोमबार स्वदेश फर्किने भन्दै गत बुधबार गएको संघको प्रतिनिधिमण्डल आगामी शुक्रबारमात्रै फर्किने भएको छ।

गत बिहीबार मलेसियास्थित सी लाइसेन्स होल्डर्स एशोसिएसन (पापस्मा) को आयोजनामा केलाङमा अन्तरक्रिया गरेको संघ प्रतिनिधिमण्डलले शुक्रबार मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेललाई भेटेर मागपत्र प्रमाणीकरणमा रहेका समस्यालगायत विभिन्न विषयमा ध्यानाकर्षण गराएको थियो। आइतबार भने मलेसियामा बिदा थियो ।

सेक्युरिटी सर्भिस एशोसिएसन मलेसियन (पीपीकेकेएम), मलेसियन उत्पादक महासंघ (एफएमएम), रबर ग्लोभ्स म्यानुफ्याक्चर्स एशोसिएसन (मार्गमा), फेडरेशन अफ मलेसियन म्यानुफ्याक्चर्सजस्ता संस्था मलेसियामा ठूला रोजगार प्रदायक संस्था हुन् । तर सोमबारसम्म संघको प्रतिनिधिमण्डलले ती संस्थाहरुसँग छलफल गरिसकेको छैन ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले आगामी बुधबार र बिहीबारसम्म उनीहरुसँग छलफल गर्ने तयारी रहेको बताए । ती संस्थाहरुसँगको छलफलको निचोडपछि मात्रै मलेसियामा संघले आयोजना गर्ने रोजगार मेलाको टुंगो लाग्नेछ ।

हाल नेपालबाट ठूलो संखयामा नेपाली कामदार मलेसिया जाने भएपनि ठूला रोजगारदातासँग नेपालका थोरै म्यानपावर कम्पनीको मात्र पहुँच छ। अधिकांश म्यानपावर कम्पनी बिचौलियाको भरमा लगानी फसाएर काम गरिरहेका छन्। धेरै म्यानपावर कम्पनीले डिमाण्डका लागि पृष्ठ २ मा

नक्कली भुटानी शरणार्थी काण्ड

## थपिए १८ जाहेरी

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २९ साउन ।

नक्कली भुटानी शरणार्थी प्रकरणसँग सम्बन्धित रहेर जाहेरी थपिएका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर पृष्ठ २ मा


# कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABI COMPANY W.L.L. शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०२/०५ चलानी नं.: ६०२०१७०२ LT. No.: 286351 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | High Rise Window Cleaning Technician | 40 | 0 | स. काममा दक्ष | 140 | ६०,१९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF PAPER MANUFACTURING CO. शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०४/१० चलानी नं.: ६०२०५२१७ LT. No.: 290011 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner(Indoor) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 85 | ३६,५४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Fork Lift Driver | 25 | 0 | | 135 | ५८,०४६ | | | | | | | |
| 3. | Heavy Driver | 25 | 0 | | 170 | ७३,०९५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ५ गते (22 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.
Licence No. 753/064/065
Nagarjun-4, Sitapaila, Kathmandu | Tel: 01-4034677 | 9810166668
9808577289, Email: manakamanamfec1@gmail.com



# युएईको प्रतिष्ठित BRITISH MANAGEMENT कम्पनीमा रोजगार

कम्पनी : Dulsco LLC शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/०४/२६ चलानी नं.: ६०२०६०२९ LT. No.: 290924

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Porter | 200 | 0 | सम्बन्धित काममा दक्ष | 1075 | ३८,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factory Workers | 100 | 0 | | 1075 | ३८,७१० | | | | | | | |
| 3. | Heavy Bus Driver (UAE lic.only) | 25 | 0 | | 2600 | ९३,६२६ | | | | | | | |
| 4. | Light Bus Driver (UAE lic.only) | 25 | 0 | | 2500 | ९०,०२५ | | | | | | | |

नोटः
- सि.नं. १ र २ का लागि राम्रोसँग अंग्रेजी लेख्न, पढ्न र बोल्न सक्ने भई सामान्य कम्प्युटर सम्बन्धी ज्ञान भएको, उमेर २१-३८ बर्ष, उचाई ५'३ माथी, तौल ५७ के.जी. माथी हुनुपर्नेछ ।
- कामदारहरुले एयरपोर्ट, वेयरहाउस, फ्याक्ट्री लगायतमा-लोडिङ्ग, अनलोडिङ्ग, लेबलिङ्ग, प्याकेजिङ्ग, डाटा इन्ट्री लगायतको काम गर्नु पर्नेछ ।
- सि.नं. ३ र ४ का लागि अनिवार्य युएईको ड्राइभिङ लाइसेन्स Driver..(UAE lic only) भई अंग्रेजी बोलचाल र लेख, पढ गर्न सक्ने हुनुपर्नेछ ।

अन्तर्वार्ता मेनपावर कम्पनी काठमाडौंमा २०८० साउन ३१ र भाद्र १, ३, ४ र ५ गते (16 & 18, 20, 21 & 22 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175503 | 9801051244 | 9801175502
श्रम इजाजत नं. ६३९/०६३/०६४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३० साउन २०८०, मंगलबार
15 August 2023, Tuesday

# एमालेले तोक्यो प्रदेश अधिवेशनको मिति

**राम बहादुर सुवेदी(आरके)/मध्यान्ह**
काठमाडौं, २९ साउन

नेकपा (एमाले)ले सबै प्रदेश कमिटीको अधिवेशन गर्ने मिति तोकेको छ । ललितपुर, च्यासलस्थिति पार्टी मुख्यालयमा बसेको सचिवालय बैठकले प्रदेश कमिटीको सिफारिसको आधारमा सातवटै प्रदेश कमिटीको अधिवेशन गर्ने निर्णय गरेको हो । उपमहासचिव प्रदीप ज्ञवालीका अनुसार लुम्बिनी प्रदेश भदौ १६ र १७ गते, मधेस प्रदेशको असोज ५ र ६ गते, बागमती प्रदेशको असोज ८ र ९ गते, कर्णाली प्रदेशको असोज १० र ११ गते, कोशी प्रदेशको असोज १२ र १३ गते अधिवेशन गर्ने निर्णय गरिएको छ ।

पार्टीले गण्डकी प्रदेशको असोज १५ र १६ गते, उपत्यका विशेष प्रदेशको असोज १९ र २० गते र सुदूरपश्चिम प्रदेश असोज २१ र २२ गते अधिवेशन गर्ने निर्णय गरेको उपमहासचिव ज्ञवालीले जानकारी दिए । उनका अनुसार पार्टीले प्रदेश अधिवेशनका लागि प्रतिनिधि चयन स्थानीय तहबाट हुने र अधिवेशनका लागि ४० वर्षमुनिका युवालाई प्रतिनिधि बनाउने निर्णय गरेको छ ।



उपमहासचिव ज्ञवालीले पार्टीले युवाको सहभागितालाई तल्लो तहबाट नै विस्तार गर्ने योजनाअनुसार नै प्रतिशत छुट्टाइको बैठकले निर्णय गरेको बताए । उनका अनुसार वडा र टोलमा ४० वर्ष मुनिका एक तिहाइ युवाहरु अनिवार्य र पालिका तहमा न्यूनतम २० प्रतिशत युवा, जिल्लामा १५ प्रतिशत र प्रदेशमा १० प्रतिशत युवालाई सहभागिता गराउने निर्णय गरेको छ । बैठकले केन्द्रीय कमिटी सदस्यमा छक्कबहादुर लामा र केदार न्यौपानेलाई मनोनित गर्ने निर्णय गरेको उनले बताए ।

सुदूरपश्चिम प्रदेशका शंकरदत्त जोशी र बागमती प्रदेशका सूर्य शर्मालाई केन्द्रीय सल्लाहकार परिषद्मा मनोनित गर्ने निर्णय गरेको छ । संगठन विभागको सचिवमा माधव ढुंगेललाई मनोनित गर्ने निर्णय गरेको छ ।

यस्तै राष्ट्रिय युवा संघ नेपालको कञ्चनपुर जिल्ला अधिवेशनका सन्दर्भमा भएको गतिविधिबारे छानबिन गर्न पार्टी उपाध्यक्ष युवराज ज्ञवालीको संयोजकत्वमा तीन सदस्य छानबिन समिति गठन गरेको छ ।

अधिवेशनमा भएका गतिविधि चिन्ताजनक र पार्टी पार्टी र युवा सङ्घको मर्यादालाई नसुहाउने खालका गतिविधि भएकाले त्यस सम्बन्धमा आवश्यक छानबिन गरी समस्या समाधान गर्न छानबिन समिति गठन गरिएको उनले बताए ।

पार्टी उपाध्यक्ष ज्ञवालीको संयोजकत्वमा गठित छानबिन समितिको सदस्यमा जनसम्पर्क संगठन समन्वय समितिका संयोजक भानुभक्त ढकाल, पोलिटब्युरो सदस्य ज्वालाकुमार शाह सदस्य रहेको तीन सदस्य छानबिन समिति गठन गरिएको उमहासचिव ज्ञवालीले बताए । समितिलाई छानबिन र समाधानको सबै जिम्मेवारी निर्णय गरेको छ ।

यस्तै बैठकले सुन तस्करका सम्बन्धमा उच्चस्तरीय न्यायिक छानबिन बन्नुपर्ने निर्णय गरेको उपमहासचिव ज्ञवालीले बताए । नेपाललाई ट्रान्जिट बनाएर सुन तस्कर भइरहेको भन्दै उनले राष्ट्रिय सुरक्षालाई चुनौती दिएको छ । सरकारले सुन तस्करमा छानबिन गर्न आलटाल गरिरहेको भन्दै उच्चस्तरीय छानबिनको माग राख्ने सांसदलाई थुनामा राख्नेजस्ता कार्यले गरिरहेको उनले बताए । बैठकले एमालेले बाढीपहिरोले गर्दा क्षति भएको र उक्त क्षतिका सम्बन्धमा तत्काल पीडितलाई रातह उपलब्ध गराउन सरकारसँग माग गरेको छ ।

# उडान नहुँदा समस्या भएको भन्दै प्राधिकरणको ध्यानाकर्षण

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २९ साउन

हुम्लालगायत हिमाली जिल्लाका २९ वटा विमानस्थलमा दिउँसो १२ बजेपछि उडानमा रोक लगाउने निर्णयविरुद्ध हुम्लाबासीले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई ध्यानाकर्षण गराएका छन् । उडान हुन नसक्दा हुम्लाबासीलाई समस्या भएको भन्दै काठमाडौंमा रहेका हुम्लाका जनप्रतिनिधि र विद्यार्थी नेताहरुले प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीलाई ध्यानाकर्षण गराएका हुन् ।

नेपालका ७७ वटा जिल्लामध्ये हुम्लामा अझै राष्ट्रिय सडक सञ्जालले जोडेको छैन । हुम्लामा नागरिक प्राधिकरणको पछिल्लो निणर्यका कारण जहाज नआउँदा बिरामीले अकालमै ज्यान गुमाउनु परेको छ भने परीक्षार्थी परीक्षा दिनबाट बञ्चित भएका छन् । यस्तै समयमा नै खाद्यान्न ढुवानी नहुँदा खाद्य अभाव हुनुका साथै समग्र हुम्लाको दैनिक जीवनमा असर परेको छ। सोमबार महानिर्देशक अधिकारीको ध्यानाकर्षण गराइएको नेपाल विद्यार्थी संघ हुम्ला काठमाडौं सम्पर्क समितिका अध्यक्ष अंगबहादुर सिंहले बताए ।



नेपालमा मनसुन शुरु भएकाले केही महिनाका लागि मात्र १२ बजेपछि मान्छे बोक्ने र व्यवसायीक उडान बाहेक खाद्य, औषधी, रेस्कुका लागि गरिने अन्य उडान गर्ने गरी व्यवस्था गरेको महानिर्देशक अधिकारीले जानकारी दिएका थिए । प्राधिकरणको पछिल्लो निणर्य पुर्नविचार गरी १२ बजेपछि पनि उडान हुने व्यवस्था नमिलाए हुम्ली जनतालाई थप पिडा हुने भएकाले प्राधिकरणको निणर्य सच्याउन आग्रह गरिएको खार्पुनाथ गाउँपालिका-५ का वडाध्यक्ष भरतजंग शाहीले बताए।

हाल नेपालगन्जमा भएको चार्टर र सेडुल फ्लाइटमा भएको विकृति रोक्न यो निणर्य गरिएको र अबको केही समयपछि कर्णालीका जिल्ला लक्षित विभिन्न सेवा सुविधासहित पहिला सहुलियत अनि मात्र अन्य उडान भर्नुपर्ने तयारीमा प्राधिकरण रहेको र हाल नेपालको वायु सेवा क्षेत्र विभिन्न कारणले कालोसूचीमा परेका उक्त कालोसूची हटाउन र नेपालभित्र विशेष गरी हुम्ला जस्तै हिमाली जिल्लामा धेरै संख्यामा विमान सञ्चालन गर्ने, दुर्गम क्षेत्रमा जान हवाई टिकटमा हुने कालोबजारी नियन्त्रण गर्न यो निर्णय गरिएको प्राधिकरणले जनाएको छ ।

कार्यक्रममा खर्पुनाथ गाउँपालिका-५ का अध्यक्ष भरतजंग शाही, सिमकोट गाउँपालिका-२ का अध्यक्ष देवजंग बोहरा, नेपाल तरुण दलका केन्द्रीय सदस्य जित बुढा क्षेत्री, नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य नरबहादुर भण्डारी, नेविसंघ नेता सुवास शाही र नेपाल विद्यार्थी संघ हुम्ला-काठमाडौं सम्पर्क समिति अध्यक्ष अंगबहादुर सिंहसहित काठमाडौंमा रहेका जनप्रतिनिधि तथा नेताहरुको सहभागिता रहेको थियो ।

# रौतहटको सीमानाकाबाट अवैध सामान तस्करी

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ साउन

भारतसँग सीमा जोडिएको विभिन्न नाकाहरुबाट सेटिङमा राजस्व छलेर अवैध सामानहरुको तस्कारी हुने गरेको पाइएको छ ।

कपडा, खैनी, खाद्यान्न सामग्रीहरु, स्पेयर पार्टस, भैंसी, राँगा, कुखुरा, कस्मेटिक, हार्डवेयर, बिडी बनाउने सुख्खा, चप्पल लगायतका सामग्री अवैध रुपमा भारतबाट नेपाल भित्रिने गरेको पाइएको हो । नेपालबाट मदिरा रक्सी, गाँजा, छहोरा, मरिच लगायतको सामानहरु भारततर्फ निर्वाध रुपमा तस्करी भइरहेको छ, तर सुरक्षा निकाय उक्त कार्यमा



मौन रहेको आरोप लाग्ने गरेको छ।

रौतहटको बंकुल, नरकटिया, रमपूर्वा, मोतीपुर, जयनगर, घिउरा, मठिया, महुलिया, चमटोली, लक्ष्मीपुर बेलविछवा, ब्रम्हपुरी तथा बन्जरहाबाट साँझ परेपछि कारोबार गर्ने तस्करहरुको लाइन शुरु हुने स्थानीयहरु बताउँछन् । उक्त कार्यमा भन्सार प्रमुख, सशस्त्र प्रहरी, चौकी इन्चार्ज, सुरक्षाकर्मीहरुको साँठगाँठमा सीमा वारपार अवैध कारोबार फस्टाएको नाम नखुलाउने सर्तमा एक स्थानीयले बताए ।

# सुरक्षागार्डको हत्या आरोपमा दुई जना पक्राउ

**सिरहा/मस-** सिरहाको मिर्चैया साना शहरी तथा खानेपानी संस्थामा सुरक्षागार्डको रुपमा कार्यरत ६० वर्षीय किशोरी राय कुर्मीको हत्या अभियोगमा आइतबार दुई जना पक्राउ परेका छन् । कुर्मीको हत्या अभियोगमा प्रहरीले धनुषा धनुषाधाम नगरपालिका घर भइ हाल सिरहाको मिर्चैया ७ बस्ने २२ वर्षीय रबिन सदा र मिर्चैया ५ का २० वर्षीय दिपक सदालाई पक्राउ गरेको हो ।

कुर्मीको गत असार १० गते राति शरीरको विभिन्न भागमा धारिलो हतियार प्रहार गरी हत्या गरिएको अवस्थामा कार्यालय परिसरमै शव भेटिएको थियो । प्रहरीले घटनास्थल नजिकै मिर्चैया नगरपालिका ६ जिवा टोलस्थित ज्ञानी केसीको आँप बगैंचामा भेटिएको रगत लागेको हाफ सर्ट र जिन्सको हाफ पाइन्ट, मिर्चैया ५ का दिपक सदाको सीडीआर विवरण र घटनास्थलको बीटीएस डाटाको आधार तथा मिसिल/प्रतिवेदनको आधारमा उनीहरुलाई पक्राउ गरिएको जनाएको छ ।

प्रहरीले चोरी गर्ने उद्देश्यले त्यहाँ पुगेका युवकहरुले हत्या गरेको बताएको छ । पक्राउ परेका उनीहरुलाई जिल्ला अदालत सिरहाबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## संसद् अवरोध...

माग गर्दै बारम्बार संसद् बैठक अवरुद्ध पार्दै आएको छ । यो संगै संसद अवरोधमा नयाँ रेकर्ड कायम भएको छ । एमालेले प्रतिनिधिसभा अवरोधमा आफ्नो दुई वटा पुरानो रेकर्डसँगै तेस्रो रेकर्ड कायम गरेको हो । २०५७ सालमा एमालेले ५७ दिन संसद अवरोध गरेको रेकर्ड थियो । २०५७ माघ २६ गतेदेखि सुरु भएको संसदको अधिवेशनमा एमालेले लाउडा जहाज प्रकरणलाई लिएर संसद अवरोध गरेको थियो । तत्कालीन शाही नेपाल वायुसेवा निगमले लाउडा एयरसँग बोइङ ७६७ विमान भाडामा लिँदा आर्थिक नोक्सानी र अनियमितता भएको विषयमा प्रधानमन्त्रीको राजीनामा माग्दै ज्ञापनपत्र दिएकोमा प्रधानमन्त्रीले राजीनामा नदिएको एमालेको आरोप थियो ।

त्यति बेला नेपाली कांग्रेसको एकल बहुमतको सरकार थियो । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री थिए । प्रधानमन्त्रीको राजीनामा माग्दै एमालेले अन्य साना दलसँग मिलेर संसद अवरोध गरेको थियो ।

एमालेले पहिला-पहिला बहिष्कार र नाराबाजी गरेको थियो । तर चैत २ पछि बैठक बहिष्कार गरेको थियो जुन ५७ दिनसम्म चल्यो । एमालेले त्यति बेला २०५७ चैत २३ गतेसम्म संसदमा गतिरोध खडा गरेको थियो। त्यसबेला एमालेलाई नेपाल मजदुर किसान पार्टी, राप्रपा, जनमोर्चाले समेत साथ दिएका थिए ।

२०७८/०७९ सालमा एमालेले ९ महिनासम्म संसद अवरोध गरेको थियो। २३ भदौ २०७८ देखि एमालेले ३ जेठ २०७९ सम्म संसदमा निरन्तर अवरोध गऱ्यो । एमालेले संसद अवरोध गर्नुको मुख्य कारण हो - एमाले पार्टी फुट्नु । पार्टी फुटाएर नयाँ दल दर्ताका लागि माधव नेपाल निर्वाचन आयोग जान लागेको थाहा पाएपछि हतार हतार १ भदौ २०७८ मा अध्यक्ष केपी शर्मा ओलीले माधव नेपालसहित १४ जना सांसदलाई पार्टीले कारबाही गरेको भनी संघीय संसद सचिवालयलाई लेखेको पत्र सभामुख अग्निप्रसाद सापकोटाले तुरुन्तै नटाँस्नु ।

पृष्ठभूमि केलाउँदा तत्कालीन पाँचदलीय गठबन्धनको जग हल्लाउने, सरकार बनाउनका लागि सत्ता गठबन्धनलाई बहुमत पुऱ्याउन नदिने रणनीति अन्तर्गत एमालेले माधव नेपालसहितका १४ जना सांसदलाई कारबाही गरेर सोही विषयलाई संसदमा प्रवेश गराएको विश्लेषण छ विश्लेषक लोकराज बरालको । उनी भन्छन्, 'केही गरी सभामुखले दबाव महसुस गरेर माधव नेपालसहितका सांसद कारबाहीमा परेको सूचना टाँसिदिएको भए अहिले मुलुकको राजनीतिक कोर्स अर्कैतिर हुनसक्थ्यो ।'

त्यसबेला सरकारले माधव नेपाललाई एमाले फुटाउन सहज हुने गरी अध्यादेश ल्याएको थियो । उक्त अध्यादेश अनुसार नेपालले २ भदौ २०७८ मा निर्वाचन आयोगमा निवेदन दिएका थिए । ९ भदौ २०७८ मै निर्वाचन आयोगले माधव नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) दर्ता गरिदियो ।

१ भदौमै माधव नेपाल सहित १४ जना सांसद कारबाहीमा परेको भनेर दिएको सूचना सभामुखले नयाँ पार्टी दर्ता भएपछि मात्रै १३ भदौको 'एमालेको पत्रबारे केही गर्नु नपर्ने निर्णय दिए'पछि एमालेले यो विषयलाई इगोको रुपमा लिएर त्यसपछि बसेको २३ भदौ देखिको संसदमा निरन्तर ९ महिनासम्म अवरोध गरेको हो ।

यसपटक पनि एमालेले विधि र प्रक्रियाको वास्तै नगरी संसद अवरोध गरेको विश्लेषक बरालको बुझाइ छ । सरकारी अनुसन्धान सकिएपछि उठाउनुपर्ने विषय सुरुमै उठाएर एमालेले संसदमा प्रधानमन्त्री र मन्त्रीहरुमाथि नैतिक प्रश्नको विषय प्रवेश गराएको उनको भनाइ छ ।

## संसद ...

सरोकारका विषय सदनमा उठ्न सकेको नसकेको र अर्कोतर्फ सदनमा विचाराधीन महत्त्वपूर्ण विधेयक कानुन बन्न नसकेको कांग्रेसले उल्लेख गरेको छ। सरकारबाट नयाँ विधेयक प्रस्तुत गर्ने, प्रतिनिधिसभामा विषयगत समितिको नेतृत्व चयन गर्ने कार्य समेत अवरुद्ध भएको भन्दै कांग्रेसले चिन्ता प्रकट गरेको छ ।

संघीय संसद नै निष्क्रिय भएको अवस्थाले संसदीय पद्धतिप्रति नै जनतामा वितृष्णा उत्पन्न हुने जोखिम भएको हुँदा लामो समयसम्म संसद् अवरुद्ध गर्ने कार्यलाई उचित मान्न नसकिने कांग्रेसको निष्कर्ष छ।

## एमाले...

'संसद हाइज्याक भयो, हाइज्याक गर्न पाइँदैन्' सभापति लामिछानेले भने । सभामुख देवराज घिमिरेप्रति प्रश्न उठाउँदै उनी थप्छन्, ' दल छाडेर सदन छिरेपछि त्यो सम्मानित कुर्सीमा बसेपछि दलको बन्न पाइँदैन् ।' आफूसँग केही सूचना भएको र ती सूचना संसदमा रेकर्ड गराउन चाहेको तर सभामुखले त्यो अवसर नदिएको उनले बताए । 'संसदीय मूल्यमान्यता सिद्धान्तमा अडिग रहेर आएको हामी जस्तो नयाँ राजनीतिक दलका लागि यो दुखद विषय भयो' सभापति लामिछानेले भनेका छन्, 'हामीले यस्तो अपेक्षा गरेकै थिएनौं ।'

## अनुसन्धानलाई ...

आदेश दिएको छ । पूर्वप्रधानमन्त्री नेपाल स्विजरल्याण्ड, स्पेन क्रोएसिया र बेलायतको भ्रमणका लागि गत साउन २२ गते त्यसतर्फ गएका थिए । प्रवासी नेपाली एकता मञ्च युरोपले आयोजना गर्ने कार्यक्रममा सहभागी भएर नेता नेपाल भदौ १ गते स्वदेश फर्कने कार्यतालिका रहेपनि उनी आफ्नो विषयमा देशभित्र भएको चर्चालाई ख्याल गर्दै चार दिनअघि नै स्वदेश फर्किएका छन् । पूर्व निर्धारित कार्यक्रम छोट्याएर स्वदेश फर्किएका अध्यक्ष नेपालले आफ्नो नाम ललिता निवास प्रकरणमा जोडिएपछि कतिपय मिडियाले माधव नेपाल भाग्यो भनेर लेखेको भन्दै आपत्ति जनाए । त्रिभुवन विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा उनले आफु भागेर,देश छोडेर हिड्ने खालको मान्छे नपरेको दाबी गरे ।

## नक्कली...

अमेरिका लैजाने भन्दै भएको करोडौं ठगी प्रकरणमा थप १८ वटा जाहेरी परेको हो ।

कार्यालयका अनुसार १ करोड ८५ लाख ९२ हजार रुपैयाँ ठगी भएको भन्दै उनीहरुले जाहेरी दिएका छन् । तीन छुट्टाछुट्टै किटानी जाहेरी परेको र सक्कल जाहेरी दरखास्तलगायत कागजात आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको जनाइएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार १८ जना पीडितले तीन वटा किटानी जाहेरी दिएका हुन् ।

जिल्ला अदालत काठमाडौंले नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका २० जनामध्ये ३ जनालाई पुर्पक्षका लागि धरौटीमा छोडेको थियो । बाँकी १७ जनालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको थियो । यस प्रकरणमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वगृहसचिव टेकनारायण पाण्डे, पूर्व सभासद आङटावा शेर्पा, सानु भण्डारी, केशव दुलाल, सागर राई, सन्देश शर्मा, इन्द्रजित राई, सन्दीप रायमाझी, नरेन्द्र केसी, गोविन्दकुमार चौधरी, रामशरण केसी, शमशेर मियाँ, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, हरिभक्त महर्जन र आशिष बुढाथोकी पुर्पक्षका लागि थुनामा छन् । टंक गुरूङलाई १० लाख, लक्ष्मी महर्जनलाई ५ लाख र केशव तुलाधरसँग १५ लाख धरौटी माग गरेको थियो। केशव तुलाधरले धरौटी रकम बुझाए पनि ललिता निवास प्रकरणको अनुसन्धानका लागि केन्द्रीय अनुसन्धान ब्युरोको हिरासतमा छन् । नक्कली भुटानी शरणार्थी प्रकरणमा ३० जनाविरूद्ध २०८० जेठ १० गते सरकारी वकिलको कार्यालयले ठगी, लिखत कीर्ते, राज्यविरूद्ध र संगठित अपराधको कसुरको मुद्दा दर्ता गराएको थियो। असार १ गते अदालतले उनीहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने र धरौटीमा छाड्ने विषयमा आदेश दिएको थियो ।

## संघ...

ठूलो रकम लगानी गरेपनि डिमाण्ड हात पार्न सकेका छैनन् । डिमाण्डका लागि लगानी गर्नु गैरकानूनी मात्रै नभएर नेपाल र मलेसियाबीचको श्रम सम्झौता विपरीत भएकाले लगानी गरेका व्यवसायी पीडित भएपनि बोल्न नसक्ने अवस्थामा छन् । संघका अध्यक्ष भण्डारीले भ्रमणको उद्देश्य मलेसियाको रोजगारी बिचौलियामुक्त बनाउने रहेको भन्दै मलेसियामा जब फेयरमार्फत रोजगारदाता र नेपाली व्यवसायीको प्रत्यक्ष छलफल भएपछि मात्रै बिचौलियाको भूमिका अन्त्य गर्न सकिने दाबी गरे ।

मलेसियामा अहिले प्रान्तीय निर्वाचन चलिरहेको छ । त्यसका कारण विदेशी कामदारको नयाँ एप्रुभल खुल्ने वा नखुल्ने एकिन हुन सकेको छैन । तर कामदारहरुले पहिलेको तुलनामा अहिले ओभरटाइममा काम पाउन थालेका छन् । त्यसले विदेशी कामदारको मागको दबाब बढाएको र आगामी सेप्टेम्बरसम्म मलेसिया सरकारले नयाँ एप्रुभल खुला गर्न सक्ने सम्भावना बढाएको छ ।

मलेसियाले ९ लाख ९५ हजार ३ सय ९६ विदेशी कामदारको एप्रुभल दिएपछि गत मार्च १८ बाट नयाँ विदेशी कामदारको एप्रुभल रोकेको हो । मलेसियन उत्पादक महासंघ (एफएमएम) लगायतले आमरुपमा विदेशी कामदारको एप्रुभल रोक्ने निर्णयले विदेशी कामदारहरुको पेन्डिङ कोटा स्वीकृतिमा कामदार आउन बाँकी नभएका कम्पनीहरु र नयाँ स्थापना भएका कम्पनीलाई प्रतिकुल असर परेको बताएका छन् ।


## भुल सुधार गरिएको सम्बन्धमा

**प्रकाशित मिति–२०८०/०४/३०**

प्रस्तुत विषयमा यस रतुवामाई नगरपालिकाको रतुवामाई नगरपालिका क्षेत्र भित्र विज्ञापन कर असुली र रतुवामाई नगरपालिका क्षेत्रभित्रका प्रारम्भिक वातावरणीय परिक्षण (IEE) भएका रतुवा र बक्राहा नदि/खोलाबाट उत्खनन संकलन गरि बिक्री वितरण हुने भरोटको खोला बिक्री मुल्य असुली रा. ०१/०८०/०८१ र रा.०२/०८०/०८१ को लागि मिति २०८०/०४/०४ गते पहिलो पटक र मिति २०८०/०४/२१ गते दोस्रो पटक हाम्रोमत दैनिकमा प्रकाशित सूचना १५ दिन हुनुपर्नेमा भुलबस ७ दिन भएकाले उक्त सिलवन्धि खाम मिति २०८०/०५/०४ मा कार्यालय समयभित्र खरिद गरि मिति २०८०/०५/०५ दिउँसो १२ बजेभित्र पेश गर्ने र सोहि मितिको दिउँसोको १.०० बजे खोलिने व्यहोरा अनुरोध छ ।

**नोट : अन्य जानकारीको लागि मिति २०८०/०४/२१ गतेको पत्रिकामा हेर्नु हुन जानकारीको लागि अनुरोध छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**
**रतुवामाई नगरपालिका, सिजुवा, मोरंग**



## आँबुखैरेनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**आँबुखैरेनी, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना**

**प्रकाशित मिति :- २०८०/०४/३०**

यस गाउँपालिकाबाट तपसिल बमोजिम कार्यको लागि बोलपत्र आह्वान सूचना प्रकाशन गरिए अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताले अधिकतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिन आएकोले मुल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | विवरण | सूचना प्रकाशन मिति | फर्मको नाम, ठेगाना | कवोल अंक कर बाहेक रु. |
|---|---|---|---|---|---|
| १ | AKRM/RAJASWO /२९/२०७९/०८० | आ.व २०८०।८१ को लागि आँबुखैरेनी गाउँपालिकाको क्षेत्र अधिकार भित्रको प्राकृतिक साधन तथा स्थानीय उत्पादित वस्तुहरु आफ्नो क्षेत्र अधिकार वाहिर लैजाँदा लाग्ने वातावरण शुल्क उठाउने कार्य | २०८०/०३/२४ | श्री शिसाकोटी विल्डर्स एण्ड सप्लार्यस प्रा.लि, टोखा-१०, काठमाडौं | ८१,२६,६००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**
**आँबुखैरेनी गाउँपालिका**

पञ्चपुरी नगरपालिकामा अनियमितता

# सरकारी खर्चमा कर्मचारी र जनप्रतिनिधिको रारा ताल भ्रमण

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २९ साउन



सुर्खेतको पञ्चपुरी नगरपालिकाका कर्मचारी र जनप्रतिनिधि सरकारी खर्चमा रारा ताल भ्रमणमा गएको पाइएको छ। महालेखा परीक्षकको प्रतिवेदन २०७९ अनुसार लाखौं सरकारी रकम खर्च गरेर जनप्रतिनिधि र कर्मचारीहरू राराताल घुम्न गएका हुन् । भ्रमण खर्च नियमावली, २०६४ अनुसार सरकारी कामको सिलसिलामा आफ्नो कार्यालयभन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च तथा दैनिक भत्ता पाउने उल्लेख छ ।

नगरपालिकाको वडा नं ६ का जनप्रतिनिधि तथा कर्मचारी कार्यालय कामकाज भनी मुगुको रारा अवलोकन भ्रमणमा गएको देखिएको छ। यसमा नगरपालिकाले एक लाख ५० हजार रकम लेखेको छ। यसरी मनोमानी तरिकाले रकम लेख्न नमिल्ने महालेखापरीक्षकले जनाएको छ ।

**अवकाश प्राप्त शिक्षकलाई तलब भत्ता**

अवकाश प्राप्त शिक्षकले पनि तलब भत्ता लिएको पाइएको छ । आर्थिक वर्ष ०७८/०७९ मा अवकाश प्राप्त एक शिक्षकले तलब लिइ अनियमितता गरेको भेटिएको हो । पञ्चपुरी नगरपालिकाले अवकाश प्राप्त एक शिक्षकलाई तलब खुवाउनुका साथै तलबभन्दा बढी भुक्तानी, बिल भरपाई बिनै लाखौं रकम भुक्तानी, नियमविपरीत पदाधिकारी सुविधालगायतका अन्य विभिन्न शीर्षकमा समेत मनोमानी तरिकाले रकम दिइएको पाइएको छ ।

विद्याज्योति माध्यमिक विद्यालय पञ्चपुरी नगरपालिका ९ सुन्दरपुरका शिक्षक विमलराज तिवारीले २०७८ पुस ७ गतेमा अवकाश पाएका थिए । तर उनका नाममा २०७८ पुस मसान्तसम्मको तलब पठाइएको छ । उनले पाउनुपर्ने तलब पुस ७ गतेसम्मको मात्रै हो । उनको नाममा २३ दिन बढीको ३३ हजार ७ सय ९५ रुपैयाँ तलब पठाइएको हो ।

शिक्षा नियमावली २०५९ को नियम १०० को उपनियम (१) मा शिक्षकले पदमा बहाल रहेको अवस्थामा मात्र तलब भत्ता पाउने व्यवस्था छ । तर शिक्षा कार्यालयको अभिलेख दुरुस्त नराख्दा यस्तो समस्या देखिएको हो । शिक्षक किताबखानाले कुन शिक्षक कहिले अवकाश पाउँदैछन् भन्ने जानकारी नदिएपछि पनि यस्तो हुने गरेको शिक्षा सम्बद्ध अधिकारीहरू बताउँछन् ।

यता शिक्षा विकास तथा समन्वय इकाई सुर्खेतले २०७४ सालबाट विद्यालयको आर्थिक कारोबार नगरपालिकाबाटै हुने भएकाले यस विषयमा कुनै पनि जानकारी नभएको जनाएको छ । यस्तै नगरपालिकाका लेखा अधिकृत द्रोणदेव वनले अवकाश पाएका शिक्षकको नाममा विद्यालयले बढी तलब दिएको स्वीकार गरे । उनले नगरपालिकाले विद्यालयको नाममा पैसा पठाएको, तर विद्यालयले उनको नाममा बढी नै पैसा दिएको हुनाले यस्तो भएको बताए । उनलाई पैसा फिर्ता गर्नका लागि मौखिकरूपमा धेरै पटक खबर गरेको भएपनि फिर्ता नगरेको लेखा अधिकृत वनले बताए ।

पञ्चपुरी नगरपालिकाले अधिकांश विवरणको शीर्षकमा अनियमितता गरेको पाइएको छ। स्यानेटरी प्याड खरिद, पुस्तक वितरण र शिक्षकको तलब भत्तामा बढी भुक्तानी दिएको देखिएको छ । यस्तै मनपरी भत्ता लिने, लाखौंका सामान सोभ्कै खरिद गर्ने, जथाभावी सामान किनेर वा नगदै वितरण गर्ने, खर्चका कागजातहरू नराख्ने, जथाभावी कर्मचारी भर्ना गर्ने, सरकारी सामान व्यक्तिगतरूपमा प्रयोग गर्नेदेखि करोडौं रकम रकमान्तर गर्नेजस्ता बेथिति देखिएको छ भने कतिपय शीर्षकमा कागजात बिनै पनि भुक्तानी दिएको पाइएको छ

**कपडा खरिदमा अनियमितता**

नगरपालिकाले हुँदै नभएको संख्या समेत बढाएर स्वयंसेविकाको नाममा साडी तथा कपडा खरिद गरेको देखाएको छ । पञ्चपुरी नगरपालिका वडा नं १० मा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाको संख्या ८ जना मात्रै रहेकोमा नगरपालिकाले १० जना स्वयंसेविका भएको भनी १० जनाको नाममा साडी तथा कपडा खरिद गरेको हो । नगरपालिकाले १० थान साडी तथा कपडा खरिद गरी ५० हजार खर्च गरेको लेखेको छ । तर ती दुई स्वयंसेविका को हुन्, कहाँका हुन् भनी नगरपालिकाले प्रमाण पेस गरेको छैन । यता स्वास्थ्य शाखा प्रमुख गंगादेव पुरीले पनि वडामा ८ जना स्वास्थ्य स्वयंसेविका भएको जानकारी दिए। उनले वडाले साडी तथा कपडा खरिद गरेको भनेर नाटक देखाएको बताए ।

यता, वडा अध्यक्ष हरिप्रसाद ढकालले वडाले १० जना नभइ ८ जनालाई नै साडी तथा कपडा वितरण गरेको, तर महालेखा परीक्षकले नै गल्ती उल्लेख गरेको बताए। उनले भने, 'पहिले पनि म आफैं वडा अध्यक्ष थिएँ र अहिले पनि म नै वडा अध्यक्ष छु, वडा सचिवले गएर बाँढ्नु भएको हो, वडा सचिव पनि यतै हुनुहुन्छ, कसरी यस्तो भएको होला, मलेपले नै गलत लेखेको हो ।' यता वडा सचिव लक्ष्मीकान्त सन्यालले पनि ८ जनालाई नै साडी र कपडा वितरण गरिएको बताए । उनले पनि मलेपले नै गल्ती उल्लेख गरेको दाबी गरे ।

**स्ट्रेचर खरिदमा पनि अनियमितता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा बिल भरपाईसहित लेखामा राख्नुपर्दछ । तर नगरपालिकाले निहित फर्मास्युटिकललाई ६० थान स्ट्रेचर खरिदबापत भनी २ लाख ९९ हजार ९ सय ४७ रुपैयाँ भुक्तानी दिएको देखाएको छ। तर हालसम्म पनि वितरण गरेको भरपाई पेस भने नगरेको पाइएको छ । यता लेखा शाखा प्रमुख वनले भने वितरण गरेको भरपाई पेस भएको बताए। यद्यपि यसमा महालेखा परीक्षकले २ लाख १९ हजार ९ सय ४७ रुपैयाँ बेरुजु देखाएको छ ।

**७० प्रतिशत खर्च गर्ने ठाउँमा पनि शतप्रतिशत खर्च**

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ दफा ७ अनुसार कार्यक्रम सञ्चालन गर्दा श्रमिकको ज्याला तथा सामग्रीको लागत अनुपात अनुसूची-५ बमोजिम हुने उल्लेख छ। अनुसूची ५ मा सामग्री खरिद अधिकतम ७० प्रतिशतसम्म खर्च गर्न सकिनेमा पालिकाले शतप्रतिशत खरिदमा खर्च गरेकोले नियमसम्मत देखिएको छैन । यसमा पनि महालेखाले २४ लाख ९३ हजार ९ सय ८३ रुपैयाँ बेरुजु देखाएको छ।

**करारका कर्मचारीलाई महँगी भत्ता**

अर्थ मन्त्रालयले मिति २०७९ वैशाख २१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रमा महँगी भत्ता सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकाले करारमा कार्यरत कर्मचारीहरूलाई महँगी भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा उल्लेख गरिएको छ। तर पालिकाले करार सम्झौता अन्तर्गत ६४ जना कार्यरत कर्मचारीलाई १५ लाख ३६ हजार रुपैयाँ महँगी भत्ता भुक्तानी गरेको छ ।

# बाँके कारागारमा निःशुल्क आँखा शिविर

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २९ साउन

बाँकेको नेपालगन्जमा रहेको कारागारमा आँखा पाक्ने रोगको संक्रमण फैलिएपछि फत्तेबाल आँखा अस्पतालले निःशुल्क शिविर सम्पन्न गरेको छ ।

घुम्ती शिविरमा ३ सय ७ जना आँखाका बिरामीहरु लाभान्वित भएका छन् । बाँके जिल्ला अदालत बार एशोसिएशन र नेपालगन्ज उच्च अदालत बार एशोसिएशनको संयुक्त आयोजनामा र नेपाल नेत्र ज्योति संघ, बाँके र फत्तेबाल आँखा अस्पताल फुल्टेक्राको सहयोगमा शिविर सञ्चालन गरिएको हो ।

शिविरमा पाकेको आँखाको जाँच गरी निःशुल्क औषधिका साथै घर दैलोमा स्टिकर समेत टाँस गरिएको थियो ।

जिल्ला न्यायाधीश धनसिंह महराले कारागारमा रहेका थुनुवा, बन्दीहरुलाई निःशुल्क औषधि हस्तान्तरण गरी शिविरको शुभारम्भ गरेका थिए ।

शिविरमा ३ सय ७ जना आँखाका बिरामीहरूको निःशुल्क आँखा जाँच गरी औषधी समेत निःशुल्क वितरण गरिएको फत्तेबाल आँखा अस्पताल नेपालगन्जका कार्यक्रम अधिकृत उमेर अहमद सादिकले बताए । सो शिविरमा आँखा अस्पतालका प्रमुख डा. कौशल कुमार वर्मा लगायतको सहभागिता रहेको थियो ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: PLANET B ENTERTAINMENT CENTER — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०४/२९ — चलानी नं.: ६०२०५९४८ — LT. No.: 290720

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 2500 | ८८,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AHMED MOHAMMED AL-ZWAIDI AL-MEHRI CONTRACTING EST — शहर: Dammam
पूर्व स्वीकृत मितिः २०८०/०४/२९ — चलानी नं.: ६०२०६१४२ — LT. No.: 290944

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Worker | 10 | 0 | | 1000 | ३५,२५० | | | | | | | |

३. कम्पनी: AMER SALEM MOHAMMED AL MAHRI CONTRACTING EST — शहर: Dammam
पूर्व स्वीकृत मितिः २०८०/०४/२९ — चलानी नं.: ६०२०६१४३ — LT. No.: 290945

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Worker | 30 | 0 | | 1000 | ३५,२५० | | | | | | | |
| 3. | Pickup Truck Driver | 6 | 0 | | 1800 | ६३,४५० | | | | | | | |
| 4. | Worker | 6 | 0 | | 1000 | ३५,२५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ५ गते (22 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075

**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

# मोटरसाइकल चोरी गर्ने दुई जना पक्राउ



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २९ साउन

सिरहामा मोटरसाइकल चोरी गरेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिरहा धनगढीमाई नगरपालिका वडा नं. ८ कसाह टोल बस्ने १९ वर्षीय रतन कुमार यादव र औरही गाउँपालिका वडा नं. ५ का २० वर्षीय धिरज कुमार यादव रहेका छन् ।

रतनलाई गढीमाई-२ खोक्सी टोलस्थित शम्भु साह सुडीले पार्किङ गरी राखेको स. १० प २४५९ नम्बरको मोटरसाइकल चोरी गरी भाग्दै गरेको अवस्थामा औरही-५ बाट नियन्त्रमा लिइएको प्रहरीले जनाएको छ ।

त्यस्तै गोलबजार नगरपालिका वडा नं. ४ बाट जगरनाथ दासको स.८प ८२१२ नं.को मोटरसाइकल चोरी गरेको आरोपमा धिरजलाई इलाका प्रहरी कार्यालय महेशपुर पतार तथा मातहतसमेतबाट खटिएको प्रहरी टोलीले औरही-५ वाट मोटरसाइकलसहित नियन्त्रणमा लिएको हो । पक्राउ परेकाहरुमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०८/०७ मा दर्ता भएको **प्रा.लि. नं. १७८८४८** को **विजया कुलवन्त परोपकार सेवा प्रतिष्ठान प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## छार्का ताङसोङ गाउँपालिका

ཚྭ་དཀར་སྟེང་སྲོང་གྲོང་སྡེ་ལྷན་ཁང་།

**Chharka Tangsong Rural Municipality**

## गाउँ कार्यपालिकाको कार्यालय

कागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल

**INVITATION FOR ELECTRONICS BIDS**

**First date of publication: 2080/04/30(2023-08-15)**

**Chharka Tangsong Rural Municipality, Office of the Rural Municipal Executive, Kagkot, Dolpa** invites only electronics bids from Nepalese eligible bidders for the following works under national competitive bidding procedure, some of the information is mentioned below, though the details are in the bidding documents. May obtain further information contact at the Chharka Tangsong Rural Municipality, Office of the Rural Municipal Executive, Kagkot, Dolpa. A complete set of bidding documents may be downloaded from the PPMO's website www.bolpatra.gov.np/egp.

| S.N | Contract ID. | Description of works | Bid Security Amount | Cost of Bidding Documents | Bidding Procedure | Last date of Bid submission | Date of Bid opening |
|---|---|---|---|---|---|---|---|
| 1 | CTRM/DOLPA/ WORKS/ NCB/01-080/081 | Chharka Bheri Nadi Tatbandhan Nirman Yojana | Nrs. 3,62,200 | Nrs.3000 | Single Envelope Bidding Procedure | 2080-05-28 (2023-09-14) | 2080-05-28 (2023-09-14) |
| 2 | CTRM/DOLPA/ WORKS/ NCB/02-080/081 | Gaupalika Bato Tatbandhan Nirman Yojana | Nrs. 4,82,893.74 | Nrs.3000 | Single Envelope Bidding Procedure | 2080-05-28 (2023-09-14) | 2080-05-28 (2023-09-14) |

**Chief Administrative Officer**



मध्यान्ह
www.madhyanhadaily.com
३० साउन २०८०, मंगलबार
15 August 2023, Tuesday

## सम्पादकीय

# अनुचित अडान

सोमबार एकैदिन बसेको सत्तारूढ गठबन्धन र प्रमुख विपक्षी दलको बैठकले अलग–अलग निर्णय गरेका छन् । प्रधानमन्त्रीको सरकारी निवासमा सत्तारूढ गठबन्धनका दलहरूको बैठक बसेको थियो । त्यो बैठकले प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसले गरेकै निर्णय अनुमोदन गर्‍यो, सुन बरामद प्रकरणको अनुसन्धान सीआईबीले नै गर्नेछ । गत २ साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार पार गरिसकेको एक क्विन्टल सुन बरामद भएको थियो । उक्त सुन तस्करी प्रकरणमाथि अनुसन्धान राजश्व अनुसन्धानले गरिरहेकोमा सरकारले सीआईबीलाई बुझाउने निर्णय गरेको थियो । त्यही निर्णयमा सरकारसँगै सत्तारूढ गठबन्धन पनि अडिएको छ । तर केन्द्रीय मूख्यालय च्यासलमा सोमबार नै बसेको नेकपा एमालेको बैठकले सीआईबीको अनुसन्धानमा असहमति जनाउने निर्णय गरेको छ । एमालेले पनि पुरानै निर्णयमा अडिग रहँदै सुन बरामद प्रकरणमाथि अनुसन्धान गर्न निष्पक्ष स्वतन्त्र उच्च स्तरीय छानबीन आयोग गठन गरिनुपर्ने माग राखेको छ ।

एकदिन अगाडि आइतबार पनि एमालेले उच्च स्तरीय छानबीन आयोग गठन नभएसम्म दबावका कार्यक्रमहरू निरन्तर रहने जानकारी पत्रकार सम्मेलन गरेर दिएको थियो । केन्द्रीय सचिवालयको बैठकले पनि त्यही अडानलाई अनुमोदन गरेको छ । एमालेले सीआईबी मात्रै नभएर संसदीय सुनुवाइ समिति गठन भएपनि अस्वीकार गर्ने बताएको छ । यसरी आ–आफ्नै अडानमा अडिग रहेर बालुवाटार र च्यासलमा निर्णय हुँदा त्यसको असर नयाँ बानेश्वरको संसद् बैठकमा परेको छ । गएको १० साउनदेखि निरन्तरता दिदै आएको संसद् अवरोधको कार्यक्रम सोमबार पनि निरन्तरता दिदा प्रतिनिधिसभा बैठक बस्न सकेन ।

जबकी संसद्ले गर्नुपर्ने असाध्यै महत्वपूर्ण कामहरू छन् । २०७२ को संविधान कार्यान्वयन गर्न आवश्यक कानूनहरू अझै निर्माण भइसकेका छैनन् । विशेष महत्व र सार्वजनिक जरूरी महत्वका प्रस्तावहरू लथालिंग छ । जनताका आधारभूत समस्याबारे तिनका प्रतिनिधिले आफ्नो कुरा संसदमा राख्न पाएका छैनन् । तर संसदको गतिगरोध हटाउनेगरी सत्तारूढ नेतृत्व र प्रतिपक्षी दल गम्भीर बनेको देखिदैन । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई एउटै चिन्ता देखिन्छ, सत्ता जोगाउने । विपक्षी एमालेले जसरी हुन्छ सरकारलाई अप्ठ्यारो पार्ने मात्रै सोचिरहेको प्रष्ट अनुमान लगाउन सकिन्छ । जबकी यसबेला मुलुकले खेपिरहेको समस्या समाधान गर्न राष्ट्रिय सहमतिकै खाँचो छ भने नागरिकमा नेतृत्वप्रति विश्वास बढाउन आवश्यक छ । तर सत्ता र शक्तिमा मात्रै दलहरू अल्झिदा संसद्सँगै सिंगो मुलुक बन्धक बन्न पुगेको छ ।

# समृद्धिको सपना र युवा शक्ति

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

यहाँ सीपको चर्चा हुन्छ तर, हाम्रा युवाहरुले आफ्नो अध्ययनपश्चात् रोजगारी पाउँदैनन् । बेरोजगार भएर बस्नुभन्दा विदेशको उच्च तापक्रममा भेडा चराउने वा भाँडा माझ्नु उत्तम हुन्छ भन्दै विदेशिएका छन् । युवाहरुको नारा नै बनेको छ 'प्लसटूपछि खाडीमा भेटुँला' ।

अमेरिकामा शिक्षा अनिवार्य र निःशुल्क छ । कक्षा १२ सम्म र त्यहाँ पढेकाहरु विषय विज्ञ पनि हुन्छन् । तर, हाम्रो शिक्षाले ढुंगा हान्न मात्रै सिकाएको छ । त्रिभुवन विश्व विद्यालयमा साढे तीन लाख विद्यार्थी भएको तथ्यांक संसदमा पेश हुन्छ, बुझ्दा ब्याक पेपरले वर्षौं भुण्डिएकाको समेत तथ्यांक पेश हुँदो रहेछ । नियमित विद्यार्थीको संख्या त ९७ हजार मात्रै रे ! जुन देशका भिसीहरु, रजिष्ट्रारहरु र सबैजसो प्राज्ञहरुलाई दलको कोटाबाट नियुक्ति दिइन्छ, त्यस देशमा विद्यार्थीहरु सीपयुक्त उत्पादन होलान् भनेर कल्पना गर्न सकिन्न ।

वर्षौं लगाएर सरकारले शिक्षा विधेयकसम्म तयार गरेछ, तर संसद नपुग्दै विरोध खप्न नसकेपछि फिर्ता लिएछ । यही देश हो भिसी वर्षमा एक महिना लगातार आफ्नो कार्यालय जान सक्दैनन् । संरक्षित छन् तीलगायत अरु पनि कि त टारहरुबाट कि कोटहरुबाट । श्रीहरुको संरक्षणमा युवाहरुलाई देश निर्माताहरुको शालिक तोड्न लगाइन्छ, यहाँ र धरानका हर्क, काठमाडौंका बालेन, धनगढीका हमाल आदि युवाहरुलाई मुद्दा बोकाइन्छ । साँच्चै परिवर्तनमा युवाले साथ दिए तर, ती प्रायः निराश छन् अहिले ।

युवालक्षित भन्दै देशले प्रधानमन्त्री रोजगार कार्यक्रम ल्यायो, प्रधानमन्त्री कृषि आधुनिकीकरण भनियो, राष्ट्रिय युवा जागरण पनि भनियो, कृषि उत्पादनमा युवा, सुशासनमा युवा, विज्ञान र प्रविधिमा युवा, वातावरण संरक्षण र दिगो विकासमा युवा, पर्यटन प्रबर्द्धनमा युवा, छुवाछूत विरुद्धमा युवा, स्वयम्सेवी भूमिकामा युवा, लैङ्गिक हिँसाविरुद्धको अभियानमा युवा, विपत् व्यवस्थापनमा युवा, भएभरका सबैमा युवा भनियो, सरकारी बजेट पनि धेरै हालियो तर, जसरी देशमा कृषि, स्वास्थ्य, शिक्षामा हालेको लगानी बालुवाको पानी जस्तो भएको छ, त्यस्तै युवाहरुमा पनि भएको छ । भोटको भकारी भरिने र युवाको खडेरी पर्ने हाम्रो नियति नै भएको छ र त हरेक वर्षको अन्तर्राष्ट्रिय युवा दिवस मनाउँदा पनि अन्तर्राष्ट्रिय विमानस्थलमा युवाहरुको भीड देखिने गरेको छ । जो यहाँ रमाउन पाएका छन् ती राजनीतितिर मात्रै छन् । विमानस्थलमा हस्याङ्ग फस्याङ्गमा सबै, अभिभावकहरुको रोइलो, घुँक्क-घुक्क गर्दै, आँशु नरोकिएको अवस्था छ, घर बारी बेचेर पनि विदेशिने चलन जति दिवसहरु वा अभियानहरु थपिए, त्यति बेलादेखिकै रोइलो बढेको छ, घटेको छैन ।

यो वर्ष सरकारले राष्ट्रिय युवा नीति, २०७२ पनि सञ्चालनमा ल्यायो । चालु आव २०८०/०८१ लाई सरकारले युवा उद्यमशीलता वर्षका रूपमा मनाउने घोषणा पनि गरेको छ । सहुलियत कर्जा, युवामैत्री लगानीको कुरा, नवप्रवर्द्धन र उद्यमशीलतालाई प्राथमिकता रहने पनि भनेको छ तर, विदेश पलायनबाट रोक्ने ठोस नीति तय गरेको देखिन्न । विदेशिएका युवाहरु एकैपल्ट भित्रिए भने देशको हालत के होला ? अर्को राज्य कान्ति होला कि नहोला ? नीति निर्माताहरु यसमा अनभिज्ञ नै देखिएका छन् । देश नै आत्मनिर्भर नभएको अवस्थामा युवा मात्रैको प्रश्न छैन यहाँ, तमाम विषयहरु ओझेल परेका छन् । समयमा काम सम्पन्न हुने भनेको यहाँ केवल निर्वाचन मात्रै हो, तलदेखि माथिसम्म राजनैतिक रोजगारी दिइने मात्रै हो, बाँकी काम सबै पेण्डिङ्ग रहने हाम्रो नियति भएको छ । विगतको तुलनामा आपराधिक कर्महरु वर्षेनी बढेर गएको देखिएको छ । राजनीतिमा युवा प्रवेश भनिन्छ तर, बुढो गोरुले साँढे ओगटेझैं सबै उपल्लो पदहरु श्रीहरुले आफैं ओगटिरहने चलन छ ।

देशको ढुकुटी बढाउनैका लागि सरकार तिनको पार्सपोर्ट बनाइदिएर, नो अब्जेक्सन लेटर दिएर, पैसा साट्दा आउने कमिसनको लोभमा परेर अनि त्यसैबाट थप कर लिएर राज्य ढुकुटी बढाउने गरेको छ र त्यो पैसाले नेताको विदेश उपचार खर्च र अनावश्यक सुरक्षा खर्चमा लगाएको छ । मुलुकमा हुने आम्दानीको ठूलो रकम कर्मचारी व्यवस्थापन र नेता पाल्नका निम्ति खर्च हुने गरेको छ । उद्योगधन्दा चलाउने, नयाँ व्यवसाय खोल्ने कुरा प्राथमिकतामा परेका छैनन् । एकातिर स्वरोजगार हुने कुरामा समस्या छ भने अर्कोतिर सरकारले रोजगारी सिर्जना गर्दैन । जसको



*मुलुकमा हुने आम्दानीको ठूलो हिस्सा कर्मचारी व्यवस्थापन र नेता पाल्नका निम्ति खर्च हुने गरेको छ । उद्योगधन्दा चलाउने, नयाँ व्यवसाय खोल्ने कुरा प्राथमिकतामा परेका छैनन् । एकातिर स्वरोजगार हुने कुरामा समस्या छ भने अर्कोतिर सरकारले रोजगारी सिर्जना गर्दैन । जसका कारण युवाहरु बाध्यात्मकरूपमा विदेशिएका छन् । अवस्था सामान्य भएको भए विमानस्थलमा ठेलमठेल भीड हुने थिएन ।*

कारण युवाहरु बाध्यात्मकरूपमा विदेशिन बाध्य छन् । अवस्था सामान्य भएको भए विमानस्थलमा ठेलमठेल भीड हुने थिएन ।

आज मध्यमवर्गीहरु अष्ट्रेलिया, युरोप, अमेरिका, अलि हात पाखुरी बलिया हुनेहरु मलेसिया वा भनौं खाडी देशमा धेरै युवा भासिएका छन् । कोही उतै सेटल हुन्छन् त कोही बिरलै फर्कन्छन् । फर्कनेहरुको दशा फेरि बेग्लै छ । एकैपल्ट बाकसमा प्याक भएर पनि बाकसबाट ल्याउन असहज छ । कतिले यसलाई सेवाको रूपमा लाश ल्याउने अभियान नै चलाएका छन् । अभिभावकहरु लाश ल्याउने क्षमतामा छैनन् ।

आज यहाँ रोजगारी छैन । युवाले आफ्नो भविष्य देख्न सक्दैन । रोजगारी केवल राजनीतिको, झोला बोक्नेहरुको लागि मात्रै छ । स्वस्थ युवा शक्ति रोजगारसहितको जनशक्तिको मूल ध्येयका साथ सबैले मनन गर्नुपर्ने हो, तर नेपाली घर आँगनहरु रित्तिन लागेको अवस्था छ । केवल वृद्ध वृद्धाहरुको उपस्थितिले देशको विकास कसरी होला ? नेताजीहरु पनि धेरै वृद्ध छन् र आउट डेटेड पनि । ती सबैजसोले उत्तरार्द्ध जीवन पनि राज्य दोहनबाट सञ्चालन गरेका छन् । स्मृतिकोषहरु खडा गर्ने प्रथा धेरै पहिलदेखि शुरु भएको हो । देशमा जनशक्ति योजनाको अभाव र राजनैतिक अस्थिरताले ल्याएको विषम परिवेशका कारण धेरै नेपाली बाहिरिएका हुन् । विश्वव्यापी कोरोना संकट र त्यसबाट उत्पन्न परिवेशले विदेशस्थित धेरै नेपालीहरुले स्वदेश फर्कने इच्छा व्यक्त गरे, तर जो फर्के, ती फेरि फर्केर उतै गए ।

सामाजिक र आर्थिक रूपान्तरण युवाशक्तिकै हातमा हुन्छ । सामाजिक सद्भावको अभिभारा युवा शक्तिमा रहन्छ । सांस्कृतिक रूपान्तरण युवा जिम्मेवारीकै विषय हो । राजनैतिक रूपान्तरणमा युवा शक्तिकै हात देखियो । हाम्रो मुलुकमा अधिकांश परिवर्तनहरु युवा शक्तिबाटै त भएको हो । तर त्यही युवाशक्ति मुलुकबाट पलायन छ । देशभने नराम्रो आर्थिक मन्दीमा फसेको छ, चौतर्फी सीमा समस्यामा अड्केको छ ।

राजनैतिक दलभित्र किचलो छ । गुट र उप गुटमा पर्दा देशका मूल मुद्दाहरु ओझेलमा परेका छन् । सत्ताबीच टकराव छ भने नेतृत्वमा गुटबन्दी छ । सरकार विगतमा झैं आकर्षक र मनै लोभिने खालको भाषण दिन छुटेको छैन, नीति कार्यक्रमदेखि बजेटसम्म र अन्य अर्ती उपदेश उसका नराम्रा छैनन् । तर, जनतालाई उपहार महँगी, बेथिति, वैदेशिक ऋणलगायतको छ । सिर्जनशीलता, शाहस, सिक्ने क्षमता र उच्च आत्मविश्वास युवाशक्तिमा रहेको हुन्छ । उद्यमशीलतामा, नेतृत्व विकासमा उनीहरुलाई प्रयोग गर्ने सकिए मुलुकको समृद्धि छिटो हुन्छ । गुण्डा, मुद्रे र डनको हिसाबमा प्रयोग भए त्यही युवा शक्तिले मुलुकमा भारी उच्छृङ्खलता पनि ल्याउन सक्छ ।

नेपालको कुल जनसंख्यालाई विश्लेषण गर्दा १६ देखि ४० वर्ष उमेर समूहका मानिसहरु अधिक छन् । देशको जनसंख्या तीन करोड पुगेन, नेपाली भने जन्मदै रु. ७५ हजार ऋणमा छन् । सबै युवा शिक्षित, सीप सम्पन्न, अनुशासित र उद्यमशील हुने हो भने हामीले सोचेको विकासको रफ्तार टाढा हुन्नथ्यो । युवा जनशक्ति भनौं मानव पुँजी पलायन हुन नदिने र श्रमशक्ति मुलुकमै प्रयोग हुने वातावरण सिर्जना गर्ने काम सरकारको हो । सबैलाई सरकारले रोजगारी दिन नसके पनि रोजगारीका अवसर सिर्जना भने गर्न सक्छ । मुलुकमा सरकार स्थीर भएन नीति पनि स्थीर छैन । नाना र छानाकै लागि युवाशक्ति विदेशिएको हो । आफू र आफन्त आश्रित बुढाबुढीहरुको सपना पुर्तिका लागि पनि घरजग्गा बेचेर ऋण काढेर युवाशक्ति देशबाट पलायन भएको कति दिन हेरिबस्ने हो ?

कुनै पनि सरकारी काम बढी प्रक्रियामुखी झन्झट र अपारदर्शी छ । सरकारले सामाजिक सुरक्षाको कुरा गरे पनि युवाहरुले पत्याएका छैनन् । रोजगारदाताको सूचीकृत संख्या नगन्य छ, उद्योगहरु नै छैनन् । उत्पादन कसरी हुन्छ र रोजगारी कसरी ? रोजगारदाताहरु यस अभियानमा उत्साहित नभएको देखिन्छ । रोजगारी सिर्जना गरी उद्यमशीलतामा, उद्योगमा युवाशक्ति सरिक गराउने काममा लघु, घरेलु साना उद्योगहरुको बढी हात हुनसक्छ । तर यसै क्षेत्रबाट सामाजिक सुरक्षा अभियानमा खासै चासो दिएको देखिँदैन । बीमा कार्यक्रम पनि व्यापारिक भयो भनिँदैछ ।

हाम्रो सरकारले करमाथि कर थोपरेको छ । खर्च कटौती गर्न सक्ने धेरै आधारहरु छन्, त्यतातिर ध्यान दिनुभन्दा अफिस सञ्चालनकै लागि एउटैको डेढ करोड पर्ने महँगो गाडी किनिन्छ । स्वदेशमा शिक्षाको वातावरण छैन । मध्यम र उच्च शिक्षा प्राप्त युवा शक्ति विदेश पलायनबाट कसरी रोक्ने त्यसतिर ध्यान दिनुपर्ने हो । मुलुकभित्रै आर्थिक, उत्पादन, सेवा क्षेत्रमा संलग्न हुने अवसर पाए कसैलाई विदेश जाने रहर हुँदैन । व्यवहारिक र व्यवसायिक शिक्षाको अभाव छ मुलुकमा । युवा जोश जाँगरको प्रयोग हुनेगरी दिइने तालीम, शिक्षण, प्रशिक्षणको अभाव छ यहाँ । केही तालिम, शिक्षण, प्रशिक्षण संस्थाहरु भए पनि समन्वयको अभाव छ । बढ्दो युवा जनसंख्यालाई उद्यमशीलता अभियानमा सरिक गराउन सके मुलुकमै उद्योग धन्दाहरु फस्टाउने थिए, तर सरकारलाई लगानीको वातावरण तय गर्ने फुर्सदै छैन ।

देशमा सुखका दिनको आशा गर्दै प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र मुलुकमा स्थापनाका लागि धेरै युवा शक्तिले आफ्नो जोस, जाँगर देखाए तर त्यही जनशक्तिलाई मुलुकले विकासको अभियानमा सरिक गराउन सकेन । राजनैतिक नेतृत्वको इच्छा शक्तिको कमी भयो । युवाको सक्रिय जोस, जाँगर मुलुकबाहिर पठाए आफ्नो विरोध कम हुन्छ भन्ने सोंचियो । देशमा कृषि क्षेत्रको रूपान्तरणमा यो शक्तिको प्रयोग हुन सकेन । राजनैतिक दलहरुसँग सक्रिय हुने बाहेक अरु श्रमशक्ति खेर गइरह्यो । युवाशक्तिको सहभागिताबाटै विकास र राष्ट्र निर्माण सम्भव थियो । मुलुकमा जलस्रोतको कमी छैन । तर यहीँ मेलम्ची आएन, विद्युत उत्पादन, सडक निर्माण, खानेपानी आपूर्तिदेखि पूर्वाधार विकासका क्षेत्रमा हाम्रै युवा जनशक्ति प्रयोग भएको हो भने अहिलेको विषम परिवेश आउँदैनथ्यो । दुनियाँले हामीलाई हेप्ने पनि थिएनन् ।

## सामाजिक सञ्जाल



**- नवराज पन्त**

दक्षिण एसियालाई भ्रष्टाचारमुक्त दक्षिण एसिया कसरी बनाउने भनि सबैले गफ गर्छन् तर, एक्सनमा नगएपछि त्यो भ्रष्टाचारयुक्त भएरै छोड्छ ! श्रीलंकाले बरु बेलैमा रोक्न सफल भो, अर्थतन्त्र सफल हुनेमा श्रीलंका नै पहिलो हुन सक्छ ! नेपालले भ्रष्टाचारको दलदल रोक्न मात्र सक्यो भने पनि सफल हुन सक्छ !



**- जेनेन्द्र जीवन**

राजनीतिमा स्थायी शत्रु, मित्र हुँदैनन्, स्थायी स्वार्थ मात्र हुन्छ- बिद्या भण्डारी (एमालेको) सक्रिय राजनीतिमा फेरि आउन खोजेकोमा ओली अप्रसन्न रहेछन्, यो द्वन्द्व चर्किंदै गए बारुला अरिङ्गालहरु कतातिर लाग्लान्, एउटाले सोधे । मैले भने- जो शक्तिशाली हुन्छ र जस्ले पैसा दिनसक्छ उसैतिर, सिम्पल !



**- ओम थापा**

प्रचण्डको काम सरकार पुनर्गठन गर्दै ठिक्क छ भने कांग्रेस प्रमुख सत्ता साझेदार दल भए पनि किनाराको साक्षीमै सीमित देखिन्छ । देउवाको नेतृत्वमा रहेको कांग्रेसले चरम असक्षमता देखाउँदा पनि कांग्रेस इतर पक्ष निरीह देखिनुले प्रचण्ड र माओवादीको बर्खे पारो कहिलेसम्म बढिरहने हो कुन्नी ?



**- गजेन्द्र बुढाथोकी**

सरकार 'हाइबरनेट मोड'मा चलेको देश, संसद बन्धक बनाएर करमाराहरूको मोज ! बजारमा खाद्यान्नको मूल्य रातारात बढेको छ । चामल, दाल, तेल, चिउरा एक सातामै १८० प्रतिशतसम्म मूल्यवृद्धि गराइएको छ । सरकार हाइबरनेशन मोडमा छ, संसदमा करमाराहरू हुर्रा, मुर्रा, मुर्दावाद भनेर भत्ता पचाउँदैछन् ।

# भ्रष्टाचारविरुद्धको अभियानको विरोध किन ?

टिप्पणी



● इश्वरचन्द्र ज्ञवाली

*सरकारले चालेको कदम कुनै पार्टी विशेष मात्रै नभएर सिंगो राजनीति र व्यवस्थालाई सच्याउने कोणबाट छ । आज सरकारले कारबाही थाल्दै गर्दा माओवादी केन्द्रकै नेताहरु पनि समातिने अवस्था बन्दै गरेको देखिन्छ । यसबाट पनि बुझ्नुपर्छ, यो नितान्तः भ्रष्टाचार र बेथितिविरुद्ध छ । यसले मुलुकभित्र ठूलो रूपान्तरण गर्नेछ ।*

सुन तस्करी प्रकरणलाई लिएर प्रमुख प्रतिपक्षी नेकपा एमालेले संसद अवरुद्ध गरिरहेको छ । झण्डै एक महिनादेखि उसले नयाँ अनुसन्धान समिति आफ्नो मातहतमा गठन नभएसम्म संसद चल्न नदिने भन्ने अडान लिइरहेको छ । एक महिनादेखि संसद अवरुद्ध गरेको एमालेले गृहमन्त्री, अर्थमन्त्री र अन्तमा प्रधानमन्त्रीकै राजीनामा माग्न थालेको छ । एमालेको यो शैलीलाई हेर्दा, हतास मनस्थितिको उपज हो भन्दा अतियुक्ती हुँदैन ।

एमालेको नेतृत्व पंक्ति थुप्रै काण्डमा मुछिएको पाइन्छ । ललिता निवास जग्गा काण्ड, जलहरी काण्ड, टी स्टेट कमिशन काण्ड, यति, ओम्नी, गोकर्ण रिसोर्ट कमिशन काण्ड, सेक्युरिटी प्रेस कमिशन काण्ड, कोरोना किट्स र ओखती खरिदमा घोटाला काण्ड, नेपाल ट्रष्टको जग्गा लिज काण्ड, वाइडबडी काण्ड र सबैभन्दा ठूलो त नक्कली शरणार्थी भ्रष्टाचार काण्डमा एमालेको थुप्रै नेताहरु मुछिएका छन् । आज भ्रष्टाचारका फाइलहरु खोल्दै गर्दा अन्यहरुमा पनि आफूमाथि छानबिन त हुँदैन ? भन्ने त्रास सिर्जना भएको छ ।

आज एमाले नेतृत्वले यी सबै फाइल खुल्छन् भन्ने डरले एउटा बितण्डा मच्चाउने र अनुसन्धानलाई निस्तेज, निकम्मा, असफल बनाउने, जनताको ध्यान अन्तैतिर मोड्ने दुष्चक्रमा लागेको त होइन ? भन्ने प्रश्न उठेको छ । तर, बिडम्बना यस्तो तुच्छ काममा पनि सत्ता गठबन्धनकै कतिपय सांसद उभिएका छन् । कतिपय नबुझेरै एमालेको गलत अडानको पक्षमा समेत देखिन्छन् ।

आज प्रचण्ड नेतृत्वको सरकारले चालेको कदमसँगै पूर्वगृहमन्त्री बालकृष्ण खाँण र पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीलगायतका थुप्रै उच्च तहका पात्रहरु जेलमा जाकिएका छन् । जसको त्रास अन्यमा पनि पर्नु स्वभाविक हो । आज भ्रष्टहरुलाई ठूलो बेचैनी, छट्पटी, डर र आतंक सिर्जना भएको छ र सरकार नढलाए अनि गठबन्धन नफोरे आफूहरु पनि जेल जाने देखेर हतास छन् । खाएको सबै बान्ता गर्नुपर्ने देखेर आत्तिएका छन् ।


नक्कली प्रमाणपत्र भएको आरोप लागेका सुनिल शर्मा आज किन एमालेको छत्रछाँयामा जान खोजे ? किन केपी शर्मा ओलीले शर्मालाई काखी च्यापे ? यसमा पनि निकै ठूलो रहस्य लुकेको देखिन्छ । आज एमालेको नेतृत्व भ्रष्टहरुको संरक्षक त बन्दै गरेको होइन ? भन्ने प्रश्न उब्जन्छ ।

तसर्थ, साँच्चै देश र जनताका पक्षमा उभिने हो भने कुनै पनि भ्रष्टलाई नछाड्ने गरी जानुपर्छ । जनयुद्धका समयमा जस्तै निर्भिकतापूर्वक, निडर र साहसी भएर अगाडि लाग्नुपर्छ । भ्रष्टाचारविरुद्धको यो महाअभियानलाई अगाडि बढाउनै पर्छ । प्रचण्डले जे-जसरी कदम चालेका छन्, यो ऐतिहासिक छ । यसको पक्षमा जनताहरु पनि स्वतःस्फूर्त उभिएका छन् । यो अभियानले माओवादी पार्टी मात्रै होइन, सिंगो मुलुकको राजनीतिलाई समेत परिवर्तन गर्न सक्छ । राजनीतिमा देखिएको बेथितिलाई सहज ढंगले अन्त्य गर्नेछ, साथै पुस्तान्तरणको सवाललाई पनि अन्त्य गर्नेछ । सरकारले चालेको कदम कुनै पार्टी विशेष मात्रै नभए सिंगो राजनीति र व्यवस्थालाई सच्याउने कोणबाट छ । आज सरकारले कारबाही थाल्दै गर्दा माओवादी केन्द्रकै नेताहरु पनि समातिने अवस्था बन्दै गरेको देखिन्छ । यसबाट पनि बुझ्नुपर्छ, यो नितान्तः भ्रष्टाचार र बेथितिविरुद्ध छ । यसले मुलुकभित्र ठूलो रूपान्तरण गर्नेछ ।

**(लेखक ज्ञवाली, माओवादी केन्द्रका नेता हुन् ।)**

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | पुराना कार्य सम्पन्न हुनेछन् । जग्गा सम्बन्धी कार्यमा लाभ मिल्नेछ । |
| वृष | : | सबै कार्यमा धैर्य राख्नुहोला । स्वास्थ्य कमजोर हुने योग छ । |
| मिथुन | : | बाहरी सहयोगमा कमी आउनेछ । भाग्यमा वृद्धि हुनेछ । |
| कर्कट | : | कुनै पनि कार्यमा हतार नगर्नुहोला । व्यवसायिक यात्रा सफल हुनेछ । |
| सिंह | : | नयाँ सम्पर्क बन्नेछ । शुभ समाचार प्राप्त हुनेछ । |
| कन्या | : | व्यापारिक कार्यहरुमा प्रगति र प्रभाव बढ्नेछ । |
| तुला | : | यात्रा सफल हुनेछ । आनन्दमा वृद्धि हुनेछ । |
| वृश्चिक | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । कार्यहरुमा वृद्धि हुनेछ । |
| धनु | : | धैर्यमा वृद्धि र दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ । |
| मकर | : | भवन निर्माणमा खर्च हुने योग छ । आहारमा ध्यान दिनुहोला । |
| कुम्भ | : | महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य लाभ हुनेछ । |
| मीन | : | पैतृक सम्पत्ति प्राप्तिको योग छ । स्वास्थ्य राम्रो रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# तिल्छा खोलामा पानीको सतह बढेपछि आवतजावत ठप्प



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २९ साउन

निरन्तर वर्षाका कारण तिल्छा खोलामा पानीको सतह बढेपछि आवतजावत ठप्प भएको छ। निरन्तर वर्षाका कारण बाँफिकोट गाउँपालिका वडा नं ३ र ४ को बीचमा पर्ने तिल्छा खोलाको सतह बढेको हो।

खोलाको सतह बढेपछि विशेषगरी सदरमुकाम खलंगा जाने स्थानीयलाई आवतजावतमा समस्या भएको छ। यस बाटो भएर रुकुम पूर्वका सिस्ने गाउँपालिका वडा नं ३ र ४ तथा बाँफिकोट गाउँपालिका वडा नं १ र २ का स्थानीय गाडी र पैदल यात्रा गरेर सदरमुकाम मुसिकोट खलंगा जाने गर्छन्। साथै ३ नं वडाका केही भागका स्थानीयले पनि यही सडक भएर यात्रा गर्ने गरेको बाँफिकोट ३ का स्थानीय गोपाल देबकोटाले बताए।

कल्भर्टभन्दा माथिबाट पानी बग्न थालेपछि यातायातका साधन ठप्प भएको छ। तर झोलुङ्गे पुल भएकाले पैदल यात्रुलाई केही राहत भएको छ। गाडीहरु भने अर्को वैकल्पिक बाटो खोजेर जाने गरेका छन्। वैकल्पिक बाटोबाट छिप्राखोला कोलचौर, स्यानीदह, दह, बाँफिकोट छिनखेत हुँदै खलंगा जानुपर्ने हुँदा यात्रुलाई भाडा महँगो पर्ने गरेको छ।

# काठे पुल बगाउँदा आवतजावतमा समस्या



**मध्यान्ह संवाददाता**
हुम्ला, २९ साउन

अविरल वर्षाका कारण काठे पुल बगाउँदा हुम्लामा आवत-जावतमा समस्या भएको छ। हुम्लाको सिमकोट गाउँपालिका वडा ८ को गाउँ जोड्ने काठेपुल आइतबार रातिको वर्षासँगै आएको पहिरोले पुल बगाउँदा आवत-जावत गर्न समस्या भएको सिमकोट गाउँपालिका वडा ८ का स्थानीय हस्त शाहीले बताए।

उनका अनुसार आइतबार रातिको वर्षाले गाउँदेखि सदरमुकाम जोड्ने मेलगाडको काठको पुल बगाउँदा समस्या भएको हो।

पुल काठको भएपनि गाउँलेले यो वर्ष नयाँ बनाएका थिए। यो वर्षनै खोलामा पानीको वहाव बढेर पूर्ण रुपमा पुल बगाएपछि सदरमुकामसँगै उत्तरी नाम्खा गाउँपालिका र हुम्लाको सीमाना चीन जानपनि समस्या भएको चीन जान लागेका एक पैदल यात्रीले बताए।

सो काठे पुल सिमकोट वडा ८ का तीन वटा गाउँ याङगु, साँता, लिगुडेखेत गाउँ जोड्ने पुल हो। त्यस्तै चीन जाने हुम्लाका चार गाउँपालिका ताजाकोट, अदानचुली, सर्केगाड र चंखेली गाउँपालिकाका नागरिकलाई पनि उक्त पुल पहिरोले बगाउँदा समस्या भएको छ। सोमबार मात्र चंखेलीका गाउँपालिकाका दुई जना नागरिक चीन जान आएको भएपनि पुल नहुँदा फर्किएको सो स्थानमा होटल व्यवसाय गर्दै आएका गोर्ख बहादुर शाहीले बताए।

पुल पहिरोले बगाउँदा सदरमुकाम सिमकोट कामकाजको लागि जान पनि करिब चार घण्टाको बाटो प्रयोग गर्नुपर्ने बाध्यता रहेको स्थानीयको भनाइ छ।

## कर्मचारी हटाइएको को सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.** श्रम इजाजत पत्र नं. १२५/०५५/०५६ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

| S.N | Name of Staff | Position | Citizenship No. | Termination Date |
|---|---|---|---|---|
| 1 | सुष्मा गौचन | Public Relation Officer | ६०-०१-७२०१४०६ | २०७९।१०।०१ |
| 2 | कविता ढुङ्गाना | Front Desk Officer | ६७२०४२-५१७०१ | २०७९।१०।०१ |
| 3 | मोनिका खड्का | Office Secretary | २१-०१-७३-०४५४३ | २०८०।०३।०२ |
| 4 | मधु चौधरी | Front Desk Officer | ६७-०१-७५-०९३९९ | २०८०।०२।०२ |
| 5 | सुमन शाक्य | Documentation Officer | ६४-०१-७०-०११३२ | २०७९।११।०२ |
| 6 | योगेश योगी | Documentation Officer | ६७१०२२-३५४८ | २०८०।०४।०२ |

**नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.**
श्रम इजाजत नं.: १२५/०५५/०५६
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np


## OMAN मा रोजगारको अवसर

कम्पनी : EXCLUSIVE BUSINESS PROJECTS
शहर: Oman,Al Qurm- Bousher

पूर्व स्वीकृत मितिः २०८०/०४/२९ | चलानी नं.: ६०२०६०९६ | LT. No.: 290748

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter Female | 0 | 3 | स. काममा दक्ष | 140 | ४८,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ५ गते (22 August 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**Aslesha International Pvt. Ltd.**
श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com


## दुहवी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

## मौजुदा सुची दर्ता गर्ने बारेको सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति : २०८०/०४/३०**

यस दुहवी नगरपालिकाको लागि आ.ब. ०८०/०८१ मा आवश्यक पर्ने तपसिल बमोजिमका सामानहरु आपुर्ति मर्मत सम्भार तथा सेवा प्रदान गर्न इच्छुक व्यक्ति वा संस्था वा कम्पनीहरुले सुचि दर्ता गर्न सम्बन्धित विषयको कारोवार गर्न स्वीकृति प्राप्त एवं आफूले आपुर्ति गर्ने सामान वा मर्मत सम्भारसम्बन्धी बिवरण खुलाई निवेदन, संस्था वा फर्म दर्ताको प्रमाण पत्र -आ. ब. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको छायांप्रति सहित नियमानुसार लाग्ने शुल्क बुझाई यस न.पा.को आर्थिक प्रशासन शाखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. मसलन्द तथा स्टेशनरी सामानहरु आपुर्ति गर्ने।
२. छपाईसम्बन्धी कार्य गर्ने।
३. फर्निचर फनिसिड तथा फिक्चरसम्बन्धी सामानहरु आपुर्ति तथा मर्मत सम्भार गर्ने।
४. ईलेक्टोनिक्स, इलेक्टिकल, तथा संचारसम्बन्धी सामानहरु आपुर्ति तथा मर्मत कार्य गर्ने।
५. कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन, टोनर आपुर्ति तथा रिफिल र मर्मत सम्भार, समेतका कार्यहरु गर्ने।
६. सप्टवेयर निर्माण, मर्मत तथा सम्भारसम्बन्धी कार्य गर्ने।
७. गाडि तथा मोटर साईकलका पार्टपुर्जाहरु आपुर्ति तथा मर्मत सम्भार गर्ने।
८. टेलिफोन मर्मत सम्भार गर्ने।
९. केबुल तथा इन्टरनेटसम्बन्धी काम गर्ने।
१०. जेनेरेटर मर्मत तथा सम्भारसम्बन्धी काम गर्ने।
११. बिज्ञापन सेवा।
१२. कुरियर सेवा।
१३. खानेपानी टयांकर, जार र मिनरल बोतल आपुर्ति।
१४. बहस पैरवि तथा कानूनी परामर्श सेवा।
१५. ढुवानीसम्बन्धी कार्य।
१६. कार्यालय भवन रंगरोगन तथा मर्मत कार्य।

**नोटः कुनै व्यक्ति वा संस्थाले दुइ वा दुइ भन्दा बढि सेवाहरु उपलब्ध गराउन चाहेमा सेवा अनुसार छुट्टाछुट्टै निबेदन दिनुपर्ने छ।**

## स्कुटर हराएको सूचना

मिति २०८०/०४/१९ गते रातिको २१:०० बजेको समयमा का.जि.का.म.न.पा. २६ गोल्कोपाखा स्थित नाना होटेल अगाडी पार्किङ गरि राखेको अवस्थामा बा ६२ प ६९४८ नम्बरको गोल्डेन रंगको होण्डा कम्पनीको ११० सि.सि.को एभियटर स्कुटर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**नामः विकास खड्का**
ठेगानाः का.म.न.पा. २६, कपुरधारा, काठमाडौं
च्यासिस नं: ME4JF215CE8124765
इन्जीन नं : JF21E80147747
सम्पर्क : 9818621362

## बीमालेख हराएको सूचना

मिति २०७८/१२/२७ डडेल्धुरा अमरगढी नगरपालिका वार्ड नं. १ स्याउले बजार देखी अमरगढी नगरपालिका वार्ड नं. ५ वागवजार जाने क्रममा मेरो रिलायन्स लाईफ ईन्सोरेन्स लि.को बीमालेख नं. ७०४०००००१०४ को बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिन हुन अनुरोध गर्दछु।
नामः सिता श्रेष्ठ
अमरगढी ५ डडेल्धुरा
सम्पर्क : ९८४८८०१७७८

## माइग्रेसन हरायो

मिति २०८०/०४/१० गते पुतलीसडकबाट अनामनगरसम्म जाँदा मेरो कक्षा १२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी तथा कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ।

नाम : अनिष मैनाली
रजिष्ट्रेशन नं. : ७२७६०८०१४
सिम्बल नं. : २७६०२७३४
मोवाइल नं. : ९८४१६८००११


## यूएईमा रोजगार

१. कम्पनी: MINNATULLAH FOR PROJECT MANAGEMENT SERVICES CO. LLC
शहर: UAE

पुर्व स्वीकृत मितिः २०८०/०४/२९ | चलानी नं.: ६०२०६०९२ | L.T. No.: 290850

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० भदौ ५ गते (22 August 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला।

**अल- सहेली म्यानपावर प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४३८७३७२, ४३८७७४०, फ्याक्स: ४३८७३२९, मो: ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESTABLISHMENT JIDA FOR MEALS. | शहर: Saudi Arabia, Jeddha
पूर्व स्वीकृत मितिः २०८०/०४/२९ | चलानी नं.: ६०२०६११० | LT. No.: 290408

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ५ गते (22 August 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Halesi Overseas Pvt. Ltd.**
Govt. Lic. No. 1161/073/074
Gaushala-9, Ratopul, Kathmandu, Nepal
Tel: 4489975, Mob.: 9851057208, 9818581088 Email: halesioverseas074@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : MR. D.I.Y. TRADING SDN BHD
शहर: SELANGOR

पूर्व स्वीकृत मितिः२०७९/०३/२७ | चलानी नं.: ६०१८३११७ | LT. No.:267174 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Wholesale & Retail Worker | 48 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ५ गते (22 August 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Y. K. Manpower Agency Pvt. Ltd.**
**वाई.के. मेनपावर एजेन्सी प्रा.लि.**
Govt. Lic. No. 1439/074/075
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu
Tel.: +977 14499181, +977 14497116, +977 9801234999, +977 9801234995.
E-mail: ykmanpoweragency@gmail.com, info@ykmanpower.com
Web.: www.ykmanpower.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: RENOVATION CONTRACTING WLL
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०८०/०४/२९ | चलानी नं.: ६०२०६११२ | LT. No.: 290840

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Mechanic/ Technician | 4 | 0 | सम्बन्धित कामममा दक्ष | 1100 | ३९,९३० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Admin Supervisor | 1 | 0 | | 3700 | १३४,३१० | | | | | | | |
| 3. | Administrative Supervisor | 0 | 1 | | 2500 | ९०,७५० | | | | | | | |
| 4. | Brick Mason | 3 | 0 | | 1100 | ३९,९३० | | | | | | | |
| 5. | Carpenter | 4 | 0 | | 1100 | ३९,९३० | | | | | | | |
| 6. | Engineer Electrical | 1 | 0 | | 4200 | १५२,४६० | | | | | | | |
| 7. | Foreman | 3 | 0 | | 2500 | ९०,७५० | | | | | | | |
| 8. | General Clean Worker | 1 | 0 | | 1000 | ३६,३०० | | | | | | | |
| 9. | General Specialist | 2 | 0 | | 1600 | ५८,०८० | | | | | | | |
| 10. | General Supervisior | 1 | 0 | | 2800 | १०१,६४० | | | | | | | |
| 11. | Mechanic | 2 | 0 | | 1200 | ४३,५६० | | | | | | | |
| 12. | Painter | 1 | 0 | | 1100 | ३९,९३० | | | | | | | |
| 13. | Pipe Welder | 2 | 0 | | 1100 | ३९,९३० | | | | | | | |
| 14. | Plaster Technician | 2 | 0 | | 1100 | ३९,९३० | | | | | | | |
| 15. | Reinforce Fitter | 2 | 0 | | 1100 | ३९,९३० | | | | | | | |
| 16. | Safety Supervisor | 1 | 0 | | 2800 | १०१,६४० | | | | | | | |
| 17. | Secretary | 1 | 0 | | 2100 | ७६,२३० | | | | | | | |
| 18. | Supervisior | 1 | 0 | | 3000 | १०८,९०० | | | | | | | |
| 19 | Welder | 2 | 0 | | 1100 | ३९,९३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ५ गते (22 August 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**RAPID INTERNATIONAL PVT.LTD.**
श्रम ईजाजत नं. ५७७/०६२/०६३
Seto Pool, Ram Mandir Marg, Maitidevi Kathmandu, Nepal .
फोन नं: ४४६५८७७, ४५८८९१२

## Japan मा रोजगारको अवसर

T.Farm Co.Ltd

पुर्व स्वीकृती मितिः २०८०/०४/२९ | चलानी नं. ६०२०६१२७ | LT No.: 290401

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Poultry Farming | 01 | काममा दक्ष | 1,64,666 | १,५०,३७२।- | क.नि. अनुसार | ७.५ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु.५०,०००/- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्वन्धमा तालिम लिएको हुनुपर्ने

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्वन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च : रु ५०,०००/-**
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालयमा २०८०/०५/०५ गते (22 August, 2023) हुनेछ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्। २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्। ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्। ५) अनिवार्य रुपमा विमा गराउनुहोस्। ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्। ७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। बैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्। ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोटः जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ। जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ।**

**Tiger Overseas Employment Services Pvt. Ltd.**
Govt Lic. No: 335/059/060
Kathamandu 4 Prakash marg, Dhumbarahi, Nepal 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np

# निर्माण व्यवसायीको माग सम्बोधन गर्न कार्यदल गठन






**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २९ साउन ।

लामो समयदेखिको निर्माण व्यवसायीको मागलाई सरकारले सम्बोधन गर्ने प्रयास गरेको छ । व्यवसायीहरुको मागलाई सम्बोधन गर्न सरकारले छ सदस्यीय समितिको गठन समेत गरेको छ । समिति गठनले लामो समयदेखि आन्दोलनमा आफ्ना माग लिएर आन्दोलनमा रहेका व्यवसायीको माग सुनुवाई हुने सम्भावना देखिएको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले निर्माण व्यवसायीले उठाएका विभिन्न माग सम्बोधनका लागि आफू गम्भीर रहेको बताएका छन् । प्रधानमन्त्रीले सम्पन्न कामको भुक्तानी, मूल्य अभिवृद्धि करलगायतका विषयमा अर्थ मन्त्रालय र सम्बद्ध विषयगत मन्त्रालयलले आपसी समन्वयका आधारमा यथाशीघ्र माग सम्बोधन गर्न निर्देशन दिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिए ।

प्रधानमन्त्रीले निर्माण व्यवसायीले उठाएका मागको सम्बन्धमा सम्बोधन गर्न सम्बद्ध निकायलाई निर्देशनसमेत दिएको प्रवक्ता भट्टले बताए । समस्या समाधानका लागि नै सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव डा. दामोदर रेग्मीको संयोजकत्वमा विभिन्न विषयगत मन्त्रालयका सहसचिव सदस्य रहने गरी छ सदस्यीय कार्यदल गठन गरिएको छ ।

कार्यदललाई आगामी १५ दिनभित्र सरोकारवालासँग आवश्यक छलफल, परामर्श र समन्वय गरी प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ । कार्यदलमा अर्थ, भौतिक पूर्वाधार, सहरी विकासलगायतका भौतिक पूर्वाधारसँग सम्बन्धित मन्त्रालयका प्रतिनिधि सहभागी छन् । निर्माण व्यवसायीले आफूहरुले गरेको कामको भुक्तानी नपाएको भन्दै विगत केही दिनदेखि चासो व्यक्त गर्दै आएका छन् । सोही आधारमा प्रधानमन्त्रीले आवश्यक चासो लिँदै समस्या समाधानका लागि पहल थालेका थिए ।

अर्थमन्त्री डा. प्रकाशशरण महत र आन्दोलनरत निर्माण व्यवसायीबीच पनि सोमबार अर्थ मन्त्रालयमा छलफल भएको छ । अर्थमन्त्री महतले निर्माण व्यवसायीका जायज समस्या सरकारले समाधान गर्ने बताएका हुन् । हालसम्म भएको कामबाट सिर्जना भएको दायित्वको भुक्तानी दिने र बाँकी रहेको काम अघि बढ्न नसक्ने अवस्था देखिएमा सरकारले त्यस्ता आयोजनाको ठेक्का तोड्ने अर्थमन्त्री महतले बताएका छन् ।

कतिपय आयोजनामा ठेक्का तोड्न नसकिने अवस्थामा त्यसलाई बजेट व्यवस्थापन गरेर जतिसक्दो चाँडो काम सम्पन्न गर्नुपर्ने उनको भनाइ थियो । 'काम हुन सकेको छैन र बजेट पनि छैन भने ती आयोजनाको ठेक्का तोडिन्छ', उनले भने, 'जतिबेला बजेट हुन्छ, त्यतिबेला ठेक्का लाग्छ । 'निर्माण व्यवसायीको चासो र चिन्ता भनेको काम गरेका आयोजनामा बजेट भुक्तानी पाउनुपर्छ भन्ने रहेकोमा त्यो भुक्तानी हुने उनको जिकिर थियो। 'दायित्व सिर्जना भएका विषयमा भुक्तानी दिनैपर्छ', उनले भने, 'हामी सिर्जना भएका सबै दायित्व भुक्तानी गर्न तयार छौं, बिल उठाएका सबै भुक्तानी हुन्छ ।' सम्बन्धित मन्त्रालयले फाइल नपठाउँदा केही भुक्तानीमा समस्या भएको मन्त्री महतको भनाइ थियो ।

# सिटिजन्स बैंक र भिभान्त डेन्टल हस्पिटलबीच समझदारी




**काठमाडौं/मस** – सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र कमलपोखरी, काठमाडौं स्थित भिभान्त डेन्टल हस्पिटल प्रालिबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक ग्राहकहरूले भिभान्त डेन्टल हस्पिटलमा २० प्रतिशत सम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

# मेट्रो मार्टमा ग्लोबल आइएमई बैंकका ग्राहकलाई छुट

**काठमाडौं/मस** – ग्लोबल आइएमई बैंकका ग्राहकले मेट्रो मार्टमा छुट पाउने भएका छन् । त्यसका लागि मार्ट र बैंकबीच सम्झौता गरिएको छ ।मार्टबाट सामान खरिद गरी क्यूआर कोडमार्फत भुक्तानी गर्दा १५ प्रतिशतसम्म छुट पाउने बैंकले जानकारी दिएको छ ।




एक पटकको खरिदमा दुई सय रुपैयाँसम्म र योजना अवधिभर पाँच सय रुपैयाँसम्म छुट पाइने बैंकको भनाइ छ । काठमाडौं उपत्यकाभित्रका मेट्रो मार्टको जोरपाटी, सानेपा र पेप्सीकोलास्थित स्टोरबाट सामान खरिद गर्दामात्रै उक्त योजना लागू हुनेछ ।

# वार्षिकोत्सवको अवसरमा एमजीले ल्यायो एक्सचेन्ज अफर

**काठमाडौं/मस** – एमजी (मोरिस ग्यारेज) मोटर्सको आधिकारिक विक्रेता पारामाउन्ट मोटर्स प्रालिले एक्सचेन्ज अफर ल्याएको छ । कम्पनीको एक सयौं वार्षिकोत्सवको अवसरमा एमजीले एक्सचेन्ज अफर ल्याएको हो ।

अफरअन्तर्गत ग्राहकले कुनै पनि पुरानो गाडीको सट्टामा नयाँ एमजी जेडएस ईभी लैजान सक्ने कम्पनीले जानकारी दिएको छ । अफर साउन २६ गतेदेखि भदौ २४ गतेसम्म लागू हुनेछ । अफरमा बनेपा, नारायणगढ, धनगढी, दाङ, बुटवल, भैरहवा, बिर्तामोड, जनकपुर, पोखरा, वीरगञ्ज, विराटनगर लगायतका डिलरबाट लाभ लिन सकिने कम्पनीको भनाइ छ ।

# एनआईसी एशिया लघुवित्तको खुद नाफा ३० करोड रुपैयाँ

**काठमाडौं/मस** – एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडले आर्थिक वर्ष २०७९/८० को चौथो त्रैमास सम्मको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक गरेको छ । कर्जाको विस्तारलाई भन्दा कर्जाको गुणस्तरलाई प्राथमिकतामा राखेको यस संस्थाले चौथो त्रैमास सम्ममा कूल लघुकर्जा १८ अर्ब ४५ करोड ६६ लाख पुर्‍याएको जनाएको हो । प्रति शेयर आम्दानी १७ दशमलव २५ सहित यस आर्थिक वर्षमा ३० करोड खुद मुनाफा आर्जन गर्न सफल भएको कम्पनीको भनाइ छ ।

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित वितीय संस्था लि.

यसै गरी आर्थिक वर्ष २०७९/८० मा स्व-पुँजीमा प्रतिफल वार्षिक १२ दशमलव शुन्य २ प्रतिशत रहेको छ । तरलता अभावको यस विषम परिस्थितिमा समेत वित्तीय संस्थाले बचत परिचालन तर्फ भने २ अर्ब २३ करोड १८ लाख पुर्‍याउन सफल भएको छ । त्यसै गरी वित्तीय संस्थाले कर्जा असुलीमा प्रभावकारी रूपमा आफ्नो स्रोत तथा साधनको परिचालन गरी उत्साहजनक नतिजा हासिल गर्दै निष्क्रिय कर्जालाई ४ दशमलव ६४ प्रतिशत मा सीमित राख्न सफल भएको छ ।

# लेखा सुपरीवेक्षण समितिको राष्ट्रिय गोष्ठी हुँदै

**काठमाडौं/मस** – राष्ट्रिय सहकारी बैंकको आयोजनामा आगामी असोजमा लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी-२०८० गरिने भएको छ । 'दिगो, पारदर्शी र जोखिमरहित सहकारी, लेखा सुपरीवेक्षण समितिको जिम्मेवारी' भन्ने थिम सहित असोज २५ र २६ काठमाडौंमा गोष्ठी हुने भएको हो ।




गोष्ठी सहकारी संघ/संस्थाको लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरु, सहकारी र सहकारीका सरोकारवाला निकायहरुका प्रतिनिधिहरु र इच्छुक व्यक्ति तथा संघ/संस्थाका प्रतिनिधीहरू गरि ५ सय जनासम्मको सहभागीता रहने छ । सहकारी संघ/संस्थाहरुको आर्थिक अवस्था, संस्थागत विकास र सन्तुलित वित्तीय कारोबारमा लेखा सुपरीवेक्षण समितिको भूमिकालाई थप प्रभावकारी बनाउन सहयोग पुर्‍याउने उद्देश्यले गोष्ठी आयोजना गरिने बैंकका अध्यक्ष केबी उप्रेतीले बताए ।

उनका अनुसार गोष्ठीमा लेखा सुपरीवेक्षण समितिले तयार गर्ने प्रतिवेदनको ढाँचा र प्रतिवेदनमा समावेश गर्ने विषयहरुमा छलफल हुनेछ । सहकारीमा स्वनियमन र संस्थागत सुशासन अभिवृद्धिका लागि लेखा सुपरीवेक्षण समितिको सक्रिय भूमिकाको बारेमा स्पष्ट मार्गदर्शन प्रदान गरी सहकारीमा जोखिम व्यवस्थापन र वित्तीय अनुशासनका लागि लेखा सुपरीवेक्षण समितिको स्पष्ट कार्यदिशा तय गर्न गोष्ठिले सहयोग पुग्ने अध्यक्ष उप्रेतीले बताए ।

बैंकले पहिलो पटक गर्न लागेको गोष्ठीमा सहकारी संघ/संस्थाहरुको आन्तरिक नियन्त्रणका लागि प्रभावकारी औजार तथा प्रणाली विकासका सम्बन्धमा बहस र छलफल हुनेछ । दुई दिन सम्म सञ्चालन हुन गइरहेको राष्ट्रिय गोष्ठीमा राष्ट्रिय/अन्तर्राष्ट्रिय विषय विज्ञहरुको सहजीकरण रहने बैंकको लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मीप्रसाद उप्रेतीले बताए ।

# नेपाल टेलिकमको पूर्वाधारमा क्षति, कारबाही गर्ने चेतावनी

काठमाडौं/मस - विगत केही समय यता नेपाल टेलिकमका पूर्वाधारहरुमा क्षति पुर्याउने कार्य निरन्तर रुपमा जारी रहेको छ । यसै क्रममा रोल्पा जिल्लाको परिवर्तन गाउँपालिकामा अवस्थित नेपाल टेलिकमको कुरेली साइटमा अन्य दूरसञ्चार सेवा प्रदायकका प्राविधिकबाट क्षति पुर्याइएको र सम्बन्धित गाउँपालिकाको रोहवरमा दुवै पक्षका बीच छलफल भई आगामी दिनमा यस्तो कार्यमा संलग्न नहुने सहमति भएको छ ।

नेपाल टेलिकमको टावर देखि २० मिटर नजिकै अन्य सेवा प्रदायकको समेत टावर निर्माण गरिएको कारण नेपाल टेलिकमको सोलार प्यानलमा अवरोध भइरहेकोमा केही दिन पहिले सोलार पावर सिस्टमको तार समेत काटी क्षति पुर्याइएको थियो । सो सन्दर्भमा नेपाल टेलिकमका प्राविधिकहरुले प्रमाणसहित गाउँपालिकामा जानकारी प्रस्तुत गरेकोमा गाउँपालिकाको रोहवरमा दुवै पक्षका बीच छलफल गरिएको थियो ।

परिवर्तन गाउँपालिकाका अध्यक्ष शुकबहादुर बुढामगर र प्रमुख प्रशासकीय अधिकृत प्रेम जीएम लगायत दुवै पक्षका बीचमा गत शुक्रबार भएको छलफलमार्फत् आगामी दिनमा सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्ने यस्ता कार्य नदोहोर्याउने सहमति भएको छ । भविष्यमा यस्ता गतिविधि दोहोरिएमा प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाइने समेत टेलिकमले जनाएको छ ।

## Invitation for Bids

### Godawri Municipality
### Office of Municipal Executive
Attariya kailali

**Date of publication: 2023 August 15**
**Invitation for Bids No: GM/NCB/G/01/2080/81**

1. The Godawari Municipality, Office of Municipal Executive, Attariya Kailali invites electronic bids from eligible bidders for the procurement of Supply And Delivery of Medicine for Godawari municipality under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Godawari Municipality, Office of Municipal Executive, Attariya Kailali www.godawarimunkailali.gov.np or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **NIC Asia Bank Ltd** |
| **Name of Office** | : | **Godawari Municipality** |
| **Office Account no.** | : | **0712051498622011** |
| **Rajaswa (revenue) Shirshak no.** | : | |
| **Amount** | : | **NRs 3000** |

4. Pre-bid meeting shall be held at Not Held
5. Electronic bids must be submitted to the office Godawari Municipality, Office of Municipal Executive through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12 PM on 2023 September 14 Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2023 september 14 At 2:00 Pm at the office of Godawari Municipality, Office of Municipal Executive. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 1,36,000.00 (Dharauti khata no: 7141498622524001) which shall be valid for 30 days beyond the validity period of the bid (i.e. December 13, 2023)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Executive Officer**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**